
साप्ताहिक
# गोरखा एक्सप्रेस
गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np
GORKHA EXPRESS NATIONAL WEEKLY
माटोवादीहरूको साझा पत्रिका
वर्ष ४४ अंक २२ २०८२ पुस ८ गते मंगलबार (Dec.23, 2025) मूल्य रू. १०/-

## लोकतान्त्रिकले खोजे निरङ्कूशता



लोकतान्त्रिक अभ्यासबाट तेश्रोपल्ट एमाले अध्यक्ष बनेका केपी ओली जेनजी आन्दोलनका बेला भएको नरसंहारका बेलामा प्रधानमन्त्री थिए, उनले भनेका छन्- बयान दिन जान्न, दिन्नँ, गोली ठोके हुन्छ। म गोली खान तैयार छु, जान्न। यो कस्तो निरङ्कूशता हो ?

कार्की जाँचबुझ आयोगले बयान लिने तयारी गर्दै महिनादिनभित्र रिपोर्ट बुझाउने भनेको छ, यही चर्चा सुनेका ओलीले यस प्रकारको अभिव्यक्ति दिएका हुन्। स्पष्टै छ, प्रधानसेनापतिले बयान दिइसकेकाले अब पूर्व गृहमन्त्री, प्रधानमन्त्रीको बयान लिने तैयारीमा जाँचबुझ आयोग छ। नआए पक्राउ गर्ने तैयारी पनि भएको छ। पूर्वप्रम ओली लाप्पा खेल्ने मूडमा देखिन्छन् अर्थात् इमर्जेन्सी निम्त्याउँदैछन्।

## शेखरको पनि दुई डुङ्गामा खुट्टा



विशेष अधिवेशन भनिरहेका शेखर कोइराला कार्यवाहक सभापति पूर्णबहादुर खड्काले दुई महासचिव विश्व प्रकाश र गगन थापालाई समय अभावका कारण नियमित अधिवेशन पनि सार्नुपर्ने हुनसक्छ भनेर सूचना दिए पनि अधिवेशनका विषयमा चूप रहेका छन् र फागुन २१ को चुनावका बारेमा ठूलो स्वरले बोल्दै भनेका छन्- चुनावमा भाग लिन कांग्रेसले तयारी थालिसक्यो। यता ओली र देउवाको भेटपछि संसद पुनर्स्थापनाको लागि सर्वोच्च पुगेका प्रमुख सचेतकसहितका नेताहरू अझ बढी दबाब दिन नेताहरूको हस्ताक्षर अभियानमा जुटे पनि शीर्ष नेताहरूले सही गर्न नमान्नुले 'आए आँप गए झटारो' को गेम खेलेको बुझ्न सकिन्छ। स्मरणीय के पनि छ भने संसद पुनर्स्थापना पनि नहुने, चुनाव पनि भाँडिने भयो भने कांग्रेसको हातमा शून्य हुनेतिर सजग देखिदैन।

शेखर कोइराला र अन्य नेताहरूसमेत भयरहित निर्वाचनको वातावरण बनाउन शान्ति सुरक्षा कायम गर्न, जघन्य अपराध गरेका पाँच हजार फरार कैदी पक्राउ गर्न र लुटिएका हातहतियार बरामद गरेर प्रहरीको मनोवल उठाउन सुझाव दिइरहेका छन्। तर ठूला पार्टीहरू चुनाव हुनैपर्छ भनेर एकस्वरमा देखिदैनन्।

आन्दोलन र विद्रोहको कारक र कारण कुशासन र भ्रष्टाचार भएकाले त्यसलाई करेक्शन गर्नेतिर नेताहरू बहस गरिरहेका छैनन्। नेतामा नैतिकता, शासनमा सुशासन, पार्टीमा पारदर्शिता र जनप्रतिनिधिमा जवाफदेहीता हुनैपर्ने विषय गौण बन्नु अर्को दुर्भाग्य हुनपुगेको छ। कतै ठूला दलहरू फेरि पनि सत्तास्वार्थमा लाग्दा अर्को राजनीतिक दुर्घटना हुने त होइन ? धेरैको मनमा चिसो पसेको देखिन्छ।

## कांग्रेसले राजतन्त्र स्वीकार्नेतिर

नेपाली कांग्रेसका ८० प्रतिशतभन्दा बढीको मत छ- कांग्रेस नेतृत्वले नीतिगत रूपमै बाटो बिरायो। बहुमत केन्द्रीय समिति सदस्यहरूले त लिखित रूपमै सभापतिसमक्ष राजतन्त्रसहितको प्रजातन्त्रमा जानुपर्ने माग राखेको लामो समय भइसक्यो। आफूलाई वीपीको सच्चा अनुयायी मान्ने सभापति शेरबहादुर देउवा प्रतिषोध र निषेधमा टेकेर लामो समयदेखि मौन छन्।



जेनजी आन्दोलनले सभापति दम्पत्तिलाई रगतपच्छे नै पारिसकेपछिको स्थितिमा गण्डकी कांग्रेस सभापति शुक्रराज शर्माले खुलेर भनेका छन्- कांग्रेसले वीपीको सिद्धान्त छाडेर बाटो बिरायो, देश र जनताले दुःख पाए। हामी प्रजातन्त्रवादीले राजतन्त्र स्वीकार्न सक्नुपर्छ। कम्युनिष्टको पछि लाग्दा नेपाली कांग्रेसले आफ्नो प्रजातान्त्रिक बिरासत गुमाउँदै गएकाले अब सच्चिन सक्ने अनुमान गरिदैछ।



### पूर्वराष्ट्रपतिद्वारा राजतन्त्रमा जोड-

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले देशको संकट मोचनका विषयमा भन्नुभएको छ- राजालाई देशको माया छ, फेरि राजा बन्न सक्नुहुन्छ। देश अस्थिर भइरह्यो, पार्टीहरुले कमाण्ड गर्न नसके कसैले न कसैले त सम्हाल्नुपऱ्यो नि।

## भ्रष्टका फाइल खुल्दै, द्वन्द्व बढ्नेभो

कांग्रेसलाई हात र साथमा लिएर केपी ओली सरकारमा पुगेपछि खुल्नै लागेका १० थरि भ्रष्टाचारका फाइल रोकिएका थिए। ती र अन्य यस्तै खालका भ्रष्टाचारका फाइलहरू किन तामेलीमा राखेको फाइल खोल्न सरकारले दबाब दिएको छ।

- वाइडबडी जहाज खरिदमा भ्रष्टाचार।
- वालुवाटार जग्गा माफिया प्रकरण।
- नक्कली भुटानी शरणार्थी, मानव बेचबिखन।
- गिरीबन्धु टिस्टेट काण्ड। टिकापुर जग्गा प्रकरण।
- शेरा दरवार जग्गा काण्ड।
- अग्नि सापकोटामाथिको हत्या अभियोग।
- सुन तस्करी प्रतिवेदन कार्यान्वयनमा रोक।
- तारागाउँ जग्गा, - एनसेल राजस्व चुहावट काण्ड।

भ्रष्टाचारका फाइल खोलिंदा जेल जानुपर्ने भएकाले भित्रभित्रै कुनै फाइल नखोल्ने भएमात्र चुनावमा जाने रणनीति कांग्रेस, एमालेले बनाएको भनिदैछ। हुन पनि सर्वोच्चमा संसद पुनर्स्थापनाका लागि मुद्दा हाल्न लगाएर जसरी पनि संसद पुनर्स्थापना गराएर छाडिन्छ भनेर एमालेले कम्मर नै कसेको देखिन्छ। यता कांग्रेस सभापति देउवाले पनि पूर्व सचेतकमार्फत सर्वोच्चतिर भित्री ध्यान आकर्षित गर्दै यता पार्टी अधिवेशन कसरी टार्ने र चुनाव कसरी रोक्ने नीति लिएको अनुमान विश्लेषकहरूले गरेका छन्। यसकारण चुनाव हुन्छ र ? संशय बढेको हो।

**द्वन्द्व बढ्ने र सैनिक हस्तक्षेप तथा इमर्जेन्सीको सम्भाबना कति ?**

राजनीति तरल छ। आफूले जित्ने पक्का भए चुनावमा जाने, अन्यथा संसद पुनर्स्थापनाका लागि न्वारानको बल लगाउने नीति एमाले, कांग्रेसको छ। यता जेनजी पुस्ता र दलहरू चुनाव जान तैयार भए पनि चुनाव हुन्छ र ? भनिरहेका छन्। २०६३ सालदेखिका राजनीतिक मुद्दाहरूको समाधानका लागि जेनजी पुस्तासहितका राजनीतिक शक्तिहरूको सर्वपक्षीय संवाद, सहमति र सहकार्यबिना चुनाव हुनै नसक्ने, संविधान संशोधन र शान्ति आउनै नसक्ने दावी गर्नेहरू अख्तियार चलमलाउनु र शान्तिका लागि सैनिक हस्तक्षेप हुने सम्भाबना देख्दैछन्।

# नीति, नियत र नैतिकता कता ?

***गत भदौ २३ र २४ को जेनजी आन्दोलन, बिस्फोटन, बिद्रोहले धेरैथोक बदल्यो तर नेताहरूको बद्नियत सुधार्न र नेतालाई नैतिक बनाउन सकेन। फेरि पनि देशमा अन्यौल, अराजकता छ, चार महिने सुशीला कार्की जेनजी सरकारले पनि भ्रष्टाचारको न्यूनिकरण र सुशासनको झल्कासमेत देखाउन सकेन। उही अराजकता, उस्तै अनिश्चितता, हिंसा भड्किने माहोला, उस्तै छ परिदृश्य।***



सुशीला कार्की नेतृत्वको अन्तरिम सरकार चुनाव गराउन दृढ छ भन्दैछ तर निर्वाचन हुनुपर्छ, जान तैयार छौं भन्ने र यस्तो अवैधानिक सरकारले पनि चुनाव गराउँछ, यो सरकार ढल्छ, ढाल्नुपर्छ भन्ने एमालेसम्मले चुनावप्रति शंकैशंका गरिरहेका छन्।

जेनजी बिद्रोहपछि कांग्रेस सच्चिन्छ कि भन्ने आशा गर्न सकिन्छ। एमालेले अधिवेशन गऱ्यो, अध्यक्ष केपी ओलीको गर्जन झन ठूलो भएको छ। विधिको शासन र प्रजातान्त्रिक शैली फेरि पनि स्थापित भएर शान्ति आउँछ भन्न सकिन्न। हो, एमालेमा उर्जा भरिएको छ। तर कार्यकर्ताको भीडमा देखिएको उर्जा जनताको वीचमा पुग्न सकेको छैन। कांग्रेस बेहोसीबाट होसमा फर्कदैछ। सवा सय दलहरू निर्वाचनमा जाने भन्दैछन्, युवा पुस्ताको भदौ २३, २४ को उत्साह थामिएजस्तो छ।

एमालेमा ओली, कांग्रेसमा शेरबहादुर, नेकपामा प्रचण्ड, रास्वपामा रवि, राप्रपामा राजेन्द्रजस्तै अन्य दलहरूमा पुरानै नेता हावी छन्, हात्तीजस्ता छन्। जनताको वीचमा लोकप्रिय हुनु पो हुनु, यसको मापदण्ड निर्वाचन नै हो।

आन्दोलनमा जेनजीले जितेकै हुन्। त्यो जित सवा तीन महिनामा पानीको फोका बनिसकेको छ। अन्तरिम सरकार बनेपछि चाउरिएका जेनजीहरू निर्वाचन घोषणापछि झन झ्याउरिएका छन्। एकथरि जेनजीहरू चुनाव हुनुपर्छ भन्छन्, अर्काथरि संविधान संशोधन भनिरहेका छन्। जेनजीको नेता मै हुँ भन्ने सुदन गुरूङ त संविधान संशोधन गरेर चुनावमा जान सुझाइरहेका छन्।

जेनजीका थरि थरिका समूह बनेका छन्। धेरै जेनजी समूह सुशीला सरकारले एजेण्डा नै ध्वस्त पारिदियो भन्छन्। केही समूह सडकमा निस्किसके, केही भने म्याण्डेटअनुसार चुनावमा जानुपर्ने विचार राख्छन्। जेनजी मिराज ढुंगानाको समूह सुशीला कार्की सरकारले जेनजीलाई धोका दियो भन्दै सर्वपक्षीय सहमतिको सरकार बन्नुपर्ने भनिरहेका छन्। सय दिने सरकारको अनुहार असफलता र अकर्मण्य देखिएको उनको तर्क छ। मिराज ढुंगानालगायता समूहको माग छ- 'भदौमा भएको जेनजी आन्दोलन कुनै व्यक्तिको ब्रान्ड र नेताको सिँढी होइन। आन्दोलनमाथि टेकेर कोही अग्लो हुने प्रयास नहोस्। सुशीला कार्की नेतृत्वको वर्तमान सरकारले आन्दोलनको मर्म बोक्दैन, हाम्रो नेतृत्व गर्दैन, त्यसैले अब सर्वपक्षीय सरकार गठन होस्। आजको आवश्यकता त्यस्तो नेतृत्व हो, जसले सबै पक्षलाई विश्वासमा लिनेछ र देशलाई निकास दिन सक्नेछ।'

समष्टिमा मूल्याङ्कन गर्नेहरू भन्छन्- युद्धमा हान्ने गोली हानेर राज्यले ७८ जना जेनजीहरूलाई माऱ्यो। यो आन्दोलन २०८४ को चुनाव २०८२ मा सार्न भएजस्तो भयो। जेनजीले दल पनि खोलेका छन्। चुनावमा नजाने भए किन दल खोलेको ? यसको अर्थ जेनजीहरू के गर्ने नगर्ने ? द्विविधामा छन्, उनीहरूलाई मिसगाइड गरिएको छ। धेरै जेनजीहरू संविधान संशोधन गरेर राजनीतिक मुद्दाहरू हल गर्नुपर्ने भन्छन्।

केही जेनजीहरू गठबन्धन गरेर अर्को आन्दोलनको तैयारीमा जुटेको बताउँछन्। हरिस भट्ट पनि जेनजी हुन्, उनका अनुसार २६ समूह बनिसकेको छ जेनजीहरूको। विश्लेषकहरूका अनुसार न भूतो, न भविष्यति, भदौ २३, २४ को जस्तो आन्दोलनको सम्भाबना अब सकियो। जेनजी रक्षा बम नेतृत्वको फ्रन्ट पनि छ। यो फ्रन्ट चिसो भएको छ, चुनावको बिकल्प छैन भन्ने निष्कर्षमा पुगेको छ। फ्रन्टका अगुवा रक्षा, युजन राजभण्डारीहरू यो सरकार ढाल्ने, अर्को सर्वपक्षीय सरकार बनाउनेतिर लाग्नु हुन्न भन्दै चुनाव विथोल्नु हुन्न, चुनावमा उठेका देशभक्त स्वतन्त्र उमेदवारलाई सघाउन विचार गरिरहेको बताउँछन्। चुनाव विथोल्ने आन्दोलनमा सहभागी नहुने यो फ्रन्टको निर्णय छ।

## बढी बक्ने, डस्ने, खस्ने





जेनजी मुभमेन्ट अलायन्सकी अगुवा हुन् मोनिका निरौला, उनले पनि चुनावलाई निर्विकल्प निकास मानेको छ। मिराज वा अन्यले गर्ने आन्दोलनमा हाम्रो सहभागिता हुँदैन भनिरहेको छ अलायन्सले। द काउन्सिल अफ जेनजी पनि चुनाव नै राजनीतिक निकास मानिरहेको छ।

**जेनजी बिभाजित हुँदा हाइसन्चो**

ज्यान जोगाएर भागेका, लुकेका ओली, प्रचण्ड, देउवाहरू जेनजी विभाजित भएर शक्तिहीन देखिदा हर्षित छन्। उनीहरू जेनजीमाथि शब्दवाणले हमला गर्न थालेका छन्। यिनीहरू यति ठूलो बिद्रोहले सत्ताबाट सडकमा पछारिंदा पनि यिनको दागी नीति, नियत र नैतिकता सफा पार्नेतिर बुद्धिबङ्गारो पलाएको देखिन्न। लाग्छ, देश अर्को द्वन्द्वमा फसिसकेको छ।

## भृकुटीघर बन्नेभो

पनौती नगरपालिकाले १८ करोडको लागतमा खोपासीमा भृकुटीको घर र उद्यान बनाउँदैछ। यो इतिहासको जगर्नाको नयाँ श्रृङ्खला मानिदैछ। यस कार्यले देशभरिका पालिकाहरूले आआफ्ना सीमामा रहेका इतिहास जगेर्नाको उत्साह पाउने भएका छन्।



यसका लागि भृकुटी स्मृति प्रतिष्ठानले इतिहासविदहरूसँग संवाद थालेको छ, बुद्धिजीवीहरूसँग सुझाव संकलन गरिरहेको छ। यस कार्यमा जिल्ला सहरी विकास तथा भवन कार्यालय, पनौती नगरपालिका, भृकुटी प्रतिष्ठान र कृष्ण इन्जिनियरिङ एन्ड डिजाइन कन्सल्टेन्सीले प्रारम्भिक कार्यलाई थालनी गरिसकेका छन्।

भृकुटी प्रतिष्ठानका अध्यक्ष विश्व उलकले भनेका छन्- मल्लकालीन मन्दिर शैलीलार्य आधार मानिनेछ, वुद्धको अनुयायीका रूपमा स्थापित भृकुटीको उद्यानसहितको जन्मघर बनाइनेछ।

स्मरणीय छ, भृकुटीको जन्म विसं ६८१ (सन् ६२४) माघ १ गते मकर सङ्क्रान्तिको दिन राजा उदयदेव र रानी भद्रावतीको कोखबाट काभ्रेको खोपासीमा भएको पुष्टि भइसकेको छ।

# रवि छुट्नुले ठूला पार्टीहरूमा त्रास

धरौटीमै होस्, रवि छुटे। रवि छुटेर चितवन हुँदै राजधानी आउँदा जुन प्रकारको राजनीतिक हौसला देखिएको छ, त्यो देखेर ठूला दलहरू थरिहरि भएको अनुभूति गर्न सकिन्छ। यहाँसम्म कि रविलाई धेरै फुरफुर नगर्न भनिदैछ, रविलाई फेरि जेल हाल्ने प्रपञ्च पनि रचिदै छ भनिन्छ। रविले चुनाव लड्न पाउने तर सम्पत्ति शुद्धीकरणको मुद्दा कायमै रहेकाले चुनाव जिते पनि उनको सांसदपद निलम्बन हुने रवि बिरोधी कानुनचीहरू ठूलै स्वरले कराउँदैछन्।



लामो समय जेलमा रहेका रास्वपा सभापति रवि लामिछाने अदालतको आदेशअनुसार गत शुक्रवार धरौटी राखेर रिहा भएसँगै चितवन गए, संवोधन गरे, राजधानी आए र पार्टीको नेतृत्व लिए, प्रधानमन्त्रीसँग छलफलमा पुगे अनि भनेका छन्- ममाथि अन्याय भयो, अन्यायसँग लड्नुछ, योभन्दा ठूलो विषय देशमाथि भएको अन्यायसँग लड्नु छ। चुनाव बिथोल्न मुन्टो ननिकाल्नू भनेर उनले एमाले अध्यक्ष केपी ओलीलाई लाक्षणिक तवरले अभिव्यक्तिको भाँचो हानेका छन्। रविले फागुन २१ मा चुनाव हुनुपर्ने, विदेशमा रहेका नेपालीले मतदान गर्न पाउनुपर्ने र सहयोग गर्न रास्वपा तैयार रहेको जनाउ दिएका छन्। आफू छुटेकोमा उत्सव हो, तर उत्सव मनाउन सक्दैनौं भन्दै चुनावका लागि सबै तत्पर रहन निर्देश गरेका छन्।

जेनजी सहिदमा श्रद्धाञ्जली दिएका रविले भनेका छन्- कलिला केटाकेटीहरूको रगत चुहिएको छ। अहिले यो देश कोलाहाल भएको अवस्थामा आएको छ। यसकारण यो उत्सवको बेला होइन। सबैले बुझौं, आजसम्म जनताको तागतका अगाडि कसैको तागत चल्ने छैन। मलाई जनताको तागतमा विश्वास छ। यसबीचमा मैले विभिन्न क्षेत्रका व्यक्तिसँग भेटघाट गरेँ। मुलुकमा संकट र्सिजना भएका कारणले हामीले सजगताका साथ अघि बढ्नुपर्नेछ। भावुक भएर रविले भनेका छन्- ४० लाख जनताले तपाईं एक्लो हुनुहुन्न भनेर मलाई भन्नुभयो, म त्यसका लागि सदैव ऋणी रहनेछु।

यसैवीच रास्वपा अध्यक्ष रवि एमाले इतरका शक्तिहरूसँग संवादमा रहेका छन्। विचार र उद्देश्य मिलेसम्म निर्वाचनमा मिलेर जाने तैयारीमा रवि रहेको रवि निकटस्थहरू बताउन थालेका छन्।

## पार्टी पछि प्रधानमन्त्रीसँग

काठमाडौं। धरौटीमा रिहा भएका रास्वपा सभापति रवि लामिछानेले जेनजी सहिदहरुप्रति आँसुको श्रद्धाञ्जली चढाएर पार्टी नेतृत्व सम्हाल्न पुगेका छन्। लगत्तै उनले प्रधानमन्त्री सुशीला कार्कीसँग भेटवार्ता गरेका छन्।

यो भेटमा सभापति रविसँग प्रधानमन्त्रीले निर्वाचन र विकसित भएका, हुनसक्ने राजनीतिक अराजकताका विषयमा छलफल भएको बताइन्छ। यो भेटवार्तामा डा. स्वर्णीम वाग्ले, महामन्त्री कविन्द्र बुर्लाकोटी, नेता शिशिर खनाल, तोसिमा कार्की र मन्त्रीहरू सहभागी थिए। सरकारले रवि लामिछानेलाई जुन प्रकारको महत्व दिएको छ, त्यसबाट थाहा हुन्छ, सरकार सबैलाई समेटेर निर्वाचन गराउने तैयारीमा जुटेको छ। तर संशय घटेको देखिदैन। रवि चुनावको सम्भाबना बढाउन अघि सरेका छन्।

# भाषण विकासको, काम विनासको

जनताको आँखा कहिले खुल्ने ?

जेनजी आन्दोलनपछि पुष्पकमल दाहाल 'प्रचण्ड' को संयोजकत्वमा १० दल मिलेर नेपाली कम्युनिष्ट पार्टी 'नेकपा' गठन भएको छ । उक्त पार्टी हाल देश दौडाहामा छ । प्रचण्डसहित पार्टीका अन्य नेताहरू जिल्लामा आयोजित भेलामा पुगेर भन्छन्, 'हामीले भोट दिनुस्, हामी देश विकास गर्छौं ।'

विकासको नारा दिने उनले आफ्नो कारणले देश यो अवस्थामा पुग्यो भनेरचाँहि बोल्दैनन् । प्रचण्ड १० वर्षे जनयुद्धको कमाण्डर हुन् । २०५२ फागुन १ गते तत्कालीन माओवादीले हतियार उठायो । देश बनाउने, सामान्तीहरूलाई लखेट्ने भन्दै गरिएको आन्दोलनमा १७ हजार नेपाली शहिद भए ।

हजारौं अहिले पनि बेपत्ता छन् भने घाइते, अंगभंग हुनेहरू घाउ लिएर बाँचिरहेका छन् । जनयुद्धमा खरबौंको सरकारी सम्पत्तिमा क्षति पुग्यो । तर, उपलब्धि के भयो ? प्रचण्डले यो विषयमा कहीं-कतै बोलेको पाइन्न । देशबाट राजतन्त्र हटेर लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था आएको १८ वर्ष भइसकेको छ ।

२०६५ जेठ १५ गते देशबाट राजतन्त्र फालियो । त्यसपछि प्रचण्डसहित देश विकासको चर्को नारा दिनेहरूले नै शासन गरे । तर, देशले के पायो ? जनताले के पाए ? गणतन्त्रको यो डेढ दशकमा माओवादीबाट चार जना प्रधानमन्त्री भए ।

माओवादी कहिल्यै सरकारविहिन भएर बसेको छैन । काँग्रेस होस् या एमाले, माओवादी तिनको सरकारमा गएकै छ । माओवादीबाट कृष्णबहादुर महरा, ओनसरी घर्ती र अग्निप्रसाद सापकोटा तीन जना सभामुख भए । त्यस्तै, माओवादीले उपराष्ट्रपति पनि पायो । नन्दबहादुर पुन माओवादीबाटै उपराष्ट्रपति बनेका थिए ।

माओवादीका नेताहरू देशको उच्च पदमा पुगे । तर, के गरे ? हतियार उठाउँदा यो-त्यो भनेको माओवादीले त्यसबाट के पुरा गर्यो ?

लोकतन्त्र गणतन्त्र आएपछि विदेशी ऋण ह्वात्तै बढ्यो । हरेक नेपालीको थाप्लोमा झण्डै सवा लाख रूपैयाँ विदेशी ऋणको भार छ । सामन्ती, शोषकी, भ्रष्टाचारीलाई कारबाही गर्छु भन्ने माओवादी आफैं भ्रष्टाचारी बन्यो ।

माओवादीका नेताहरू नै थुप्रै भ्रष्टाचार काण्डमा मुछिएका छन् । माओवादी आफैं भ्रष्टाचारीहरूको अखडा बन्दा अरूलाई के कारबाही गर्थ्यो ? राजश्व छल्नेहरूलाई कारबाही गर्न पनि माओवादी नाकाम भयो । देशको लागि केही गर्न नसकेको माओवादीको आज अस्तित्व नै मेटिने स्थितिमा पुगेको छ ।

१८ वर्षमा माओवादी फुटेर दर्जनौं टुक्रा बनिसकेको थियो । अहिले त अब माओवादी भन्ने पार्टी नै छैन । नाम त परिवर्तन भयो, झण्डा पनि फेरियो । देशको प्रगति नभएपनि प्रचण्ड र उनका गुटको चाँहि भयो । ७८ लाखको घडी बाँध्ने हैसियतमा पुगे । लाखौं पर्ने रक्सी खान सक्ने भए । जनता भोकैनाङ्गै छन् ।

श्रीमती, छोरी, बुहारी, भाइवाद अँगाल्ने प्रचण्ड नै हुन् । यही सिको अन्य दलले पनि सिके । यही हो माओवाद, समाजवाद, सर्वहारावाद, जबज ? जनता दुई छाक टार्न लडिरहँदा उनी त्यही जनताको नाम लिएर कहाँ पुगे कहाँ । बाबुराम भट्टराईले प्रधानमन्त्री हुँदा बालुवाटारको ललिता निवास र थानकोटस्थित मातातीर्थको हजारौं रोपनी जग्गा व्यक्तिको नाममा पास गरिदिए । जग्गाकाण्डमा त माधव नेपालदेखि केपीओली, आरजु राणा पनि मुछिएका छन् ।

नेकपामा दोस्रो वरियतामा रहेका माधवकुमार नेपालले आफू प्रधानमन्त्री हुँदा ललिता निवाससहित काभ्रेको साँगामा ८१५ रोपनी, धुलिखेलमा ८८ रोपनी, चाबहिलको भत्केको पुलस्थित १४ रोपनी जग्गा संस्था र व्यक्तिको नाममा पास गरिदिएछन् । यिनको भ्रष्टाचारको त सिमा नै रहेन । लोकतन्त्रलाई लूटतन्त्र बनाइदिए ।

नेकपाका तेस्रो वरियताका नेता झलनाथ खनालले गुम्बा बनाउने नाममा हजारौं रोपनी सरकारी जग्गा संघसंस्थालाई पासै गरेर दिएका छन् । यता, प्रधानमन्त्री हुँदा पनि उनले सो कार्यलाई निरन्तरता दिएको देखिन्छ । सर्प पाल्ने नाममा राज्यकोषको ७० करोड रूपैयाँ झ्वाम्म पारेकै हुन् ।

भदौ २३ र २४ गते जेनजी आन्दोलन हुँदा बालुवाटारस्थित प्रधानमन्त्रीको सरकारी निवासबाट लखेटिएका तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्री र परराष्ट्रमन्त्री पनि बनेका थिए । पटकपटक प्रधानमन्त्री बनेका केपीको अध्यक्षतामा बसेको २०७८ वैशाख ७ र वैशाख १३ गतेको क्याबिनेट बैठकले झापाको गिरिबन्धुको जग्गा व्यक्तिको नाममा पास गर्ने निर्णय सबैभन्दा ठूलो भ्रष्टाचार हो ।

हातमा तीन करोडको घडी बाँध्ने र ७० हजारको दैनिक पानी खाने ओलीको नारा देश बनाउने छ । २०५१ सालमा मनमोहन अधिकारी प्रधानमन्त्री हुँदापनि गिरिबन्धुको जग्गा व्यक्तिको नाममा दिने निर्णय भएको थियो । २०६० सालमा प्रधानमन्त्री सूर्यबहादुर थापाले पनि सोही निर्णय गरेका छन् । काँग्रेसी नेता महेश आचार्यले भृकुटी नेपाली कागज, धागो उद्योग, टाइल कारखाना, चाइनिज ईंट्टा कारखाना निजीकरणको नाममा सबै कौडीको भाउमा भारत पुर्याए ।

ती जग्गा व्यक्तिले कौडीको भाउमा खरिद गरे भने उद्योगहरू मासियो । कृष्णप्रसाद भट्टराई २०४७ र २०५६ सालमा प्रधानमन्त्री बने । उनले पनि प्रधानमन्त्री बन्दा तारागाउँको जग्गा व्यक्तिलाई दिने निर्णय गरे । प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले त जग्गामात्र होइन, देशैमाथि ठूलो घात गरिदिए ।

अहिले जेनजीको लाशमाथि चढेर पूर्वप्रधानन्यायाधीश सुशीला कार्की प्रधानमन्त्री बनेकी छिन् । उनी पहिले भ्रष्टाचारविरूद्ध ठूल्ठूला भाषण गर्थिन् । भ्रष्टाचारी, सरकारी सम्पत्ति र राज्यकोषको दोहनकर्तालाई कारबाही गर्नुपर्छ भनेर चर्को बोल्थिन् । अहिले के भयो ? उनको जिब्रो सत्तातिर हेरेर तालुमा टाँसिएको छ ।

भक्तपुरमा भएको राजपरिवार र सरकारी सम्पत्ति व्यक्तिलाई कब्जा गर्न लगाउने नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें, प्रेम सुवाल पनि देशै बनाउने भन्छन् । गौर हत्याकाण्डमा मुछिएका उपेन्द्र यादवको नारा पनि देश बनाउने नै छ । स्वास्थ्यमन्त्री हुँदा बीमा गराउने नाममा अर्बौं रूपैयाँ भ्रष्टाचार गरेको आरोप लागेका गगन थापा पनि देश बनाउने भन्दै हिँडेका छन् । देउवा र आरजु राणा त मानव बेचबिखनदेखि भुटानी शरणार्थी काण्डमा समेत मुछिएका छन् ।

सबै नेता देश बनाउने भाषण गर्छन्, काम आफै बन्ने गर्छन् । जनताको आँखा खुल्छ कहिले ? अब पनि आँखा चिम्लनु भनेको आफ्नै अस्तित्वमाथि खेलाबाड गर्नु र जिउँदै मृत्यु अँगाल्नु हो है । विवेकको ढोका खोलौं सबैले ।

***अनुसा थापा, भक्तपुर***






# लिपुलेक, लिम्पियाधुरा, कालापानी नेपालकै हो



**प्रेमचन्द्र झा**

नेपालको पश्चिमोत्तर सिमाना–लिपुलेख, कालापानी र लिम्पियाधुरा–केवल भूगोलका सीमारेखा मात्र होइनन्, यी नेपाली सार्वभौमिकताको गहिरो पहिचान हुन् । इतिहास, भूगोल, संस्कृति र कानुनी दस्तावेजहरूले निरन्तर रूपमा प्रमाणित गर्दै आएका छन् कि यी भूभाग सदियौंदेखि नेपालको अभिन्न हिस्सा रहिआएका छन् । तथापि, हालै भारत र चीनबीच भएको लिपुलेख मार्ग हुँदै व्यापार पुनःसञ्चालनको समझदारीले पुनः एकपटक नेपालको सिमाना र स्वाधीनताको विषय अन्तर्राष्ट्रिय बहसमा ल्याएको छ ।

सन् १८१६ को सुगौली सन्धिले काली नदीलाई नेपाल-भारत सिमाको आधार तोकेको छ । नेपालको दाबीअनुसार काली नदीको मूल उद्गम लिम्पियाधुरा हो, जसअनुसार लिपुलेख, कालापानी र लिम्पियाधुरा नेपालको भूभागमा पर्छन् । ईस्ट इन्डिया कम्पनी कुनै सार्वभौम राष्ट्र नभई व्यापारिक निगम थियो । यसले कुमाउ, गढ्वाल र अन्य भूभाग सामरिक बल प्रयोग गरी हरण गरेको थियो, जुन उपनिवेशवादको एक परिपाटी थियो । त्यसैले यसले तोकेको सीमा नेपालको लागि मान्य हुन सक्दैन ।

मल्ल युगमा नेपाल अधिराज्यले कुमाउ-गढ्वाल क्षेत्रसम्म प्रभाव जमाएको ऐतिहासिक तथ्यहरू छन् । मानदेव र पृथ्वीनारायण शाहका शासनमा ती क्षेत्र नेपालको प्रशासनिक नियन्त्रणमा थिए । नेपाली भाषामा लेखिएका शिलालेख गढ्वालमा भेटिनु यस तथ्यको पुष्टि हो । सन् १८०१ मा नेपाल र ब्रिटिश ईस्ट इन्डिया कम्पनीबीच भएको सन्धिले पनि कुमाउ-गढ्वाल क्षेत्र नेपालको भू-भाग रहेको स्वीकार गरेको थियो । सुगौली सन्धिपछि यी भूभाग ब्रिटिश नियन्त्रणमा गए तापनि त्यो सैन्य दबाबमा भएको थियो । नेपालले सन् २०२० मा संविधान संशोधन गरी लिम्पियाधुरा, लिपुलेख र कालापानी समेटिएको नयाँ नक्शा सार्वजनिक गरेको हो । यो नक्सालाई संसदले सर्वसम्मतिले पारित गर्दै नेपालको औपचारिक नीतिको रूपमा स्वीकार गरिसकेको छ । नेपालले पटक-पटक भारत र चीनलाई कूटनीतिक नोटमार्फत जानकारी गराउँदै आएको छ कि सीमा सन्धिहरू त्रिदेशीय सहमतिमा मात्र लागू हुनसक्छन् । भारत-चीनको द्विपक्षीय व्यापार सम्झौतामा नेपालको अनुमति र सहभागिता नहुनु अन्तर्राष्ट्रिय कूटनीतिक अभ्यास विपरीत हो ।

सन् २०२५ अगस्टमा भारत र चीनले लिपुलेख, शिपकी ला र नाथु ला हुँदै व्यापार पुनःसञ्चालन गर्ने निर्णय गरेका छन् । नेपालले यसलाई आफ्नो सैद्धान्तिक र भौगोलिक अधिकारमाथिको अतिक्रमण ठान्दै विरोध जनाएको छ । नेपालको परराष्ट्र मन्त्रालयले दुवै देशलाई कूटनीतिक नोट पठाएर यथास्थितिमा परिवर्तन नगर्न चेतावनी दिएको छ । भारतले नेपालका दाबीलाई ऐतिहासिक तथ्यविहीन भनेको छ, तर सीमा विवाद समाधानका लागि संवादमा तयार रहेको संकेत पनि दिएको छ ।

संयुक्त राष्ट्रसंघको चार्टरले कुनै पनि राष्ट्रको क्षेत्रीय अखण्डताको सम्मान गर्नुपर्ने प्रावधान गरेको छ । नेपालको आधिकारिक नक्शा, संविधान र ऐतिहासिक दस्तावेजहरूका आधारमा नेपालको दाबी अन्तर्राष्ट्रिय कानुनी दृष्टिले सशक्त छ । नेपालले अन्तर्राष्ट्रिय कानुनी निकायहरू, जस्तै अन्तर्राष्ट्रिय अदालत, संयुक्त राष्ट्रसंघ, वा क्षेत्रीय सहयोग संस्थाहरू मार्फत आफ्नो पक्ष प्रस्तुत गर्न सक्ने आधार छ ।

चीनले सैद्धान्तिक रूपमा नेपालको सिमाना सम्मान गर्ने बताएको भए पनि, भारतसँग द्विपक्षीय व्यापार सम्झौता गर्दा नेपाललाई अवगत नगरेको अवस्था दोहोरो चरित्र देखिएको संकेत हो । नेपालले भारत र चीन दुबैसँग उत्तरदायी व्यवहारको अपेक्षा गर्न सक्छ । लिम्पियाधुरा, कालापानी र लिपुलेख सम्बन्धी विषयमा नेपाली जनमानस अत्यन्त संवेदनशील छ । सन् २०२० जस्तै सन् २०२५ मा पनि संसद, सरकार, प्रमुख राजनीतिक दल, नागरिक समाज, र युवापुस्ता एकजुट देखिन्छन् ।

नेपालले आफ्नो भू-सम्प्रभुता, ऐतिहासिक सिमाना र कूटनीतिक स्वाधीनताको रक्षा गर्न बहुआयामिक रणनीति अवलम्बन गर्नुपर्ने देखिन्छ । तत्कालका लागि भारत र चीनलाई पुनः कूटनीतिक नोट पठाइनु आवश्यक छ, जसमा नेपालको स्पष्ट आडान प्रस्तुत होस् । संसदको अन्तर्राष्ट्रिय सम्बन्ध समितिले समेत सक्रिय भूमिका खेल्दै सरकारलाई मार्गदर्शन दिन सक्छ । साथै, अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूमा नेपाली पक्षको सत्यता प्रवाह गर्न आवश्यक छ ।

मध्यमकालमा नेपालले त्रिपक्षीय वार्ता पहल गर्नुपर्छ, जसमा भारत-चीनको सहमति बिना नेपालभित्र पर्ने भूभाग प्रयोग अमान्य हुने स्पष्ट सन्देश दिनुपर्छ । ऐतिहासिक दस्तावेज, नक्सा र प्रमाणहरूको वैज्ञानिक अध्ययनका लागि आयोग गठन गरिनुपर्छ । त्यसैगरी, सीमावर्ती क्षेत्रमा नेपाल सरकारको प्रशासनिक उपस्थिति सशक्त बनाउनु जरूरी छ–स्वास्थ्य, शिक्षा, पूर्वाधार र सुरक्षाका आधारमा ।

दीर्घकालीन रूपमा नेपालले अन्तर्राष्ट्रिय न्यायालयमा मुद्दा लैजाने विकल्पको अध्ययन गर्नुपर्छ । साथै, देशभित्र र विदेशमा 'सिमाना चेतना' बढाउने कार्यक्रम सञ्चालन गर्नुपर्छ । विद्यालयदेखि विश्वविद्यालयसम्म सिमाना र सार्वभौमिकता विषयक पाठ्यक्रम समावेश गर्नु दीर्घकालीन जागरूकता निर्माणको उपाय हो । विदेशस्थित नेपाली समुदाय र बौद्धिक व्यक्तित्वहरूमार्फत जन-कूटनीति सञ्चालन गर्नु पनि उत्तिकै महत्त्वपूर्ण हुनेछ ।

२०२० को सीमासम्बन्धी संवैधानिक संशोधन प्रक्रियामा देखिएको राष्ट्रिय एकता अहिले पुनः देखिएको छ । सबै प्रमुख राजनीतिक दलहरू–नेपाली कांग्रेस, एमाले, माओवादी केन्द्र–ले स्पष्ट रूपमा राष्ट्रिय हितको पक्षमा सरकारलाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरिसकेका छन् । शिक्षित युवाहरू अनुसन्धान, लेख, बहस, अन्तरक्रियामा सक्रिय छन् । सरकारले यिनको पहललाई संस्थागत गर्न आवश्यक छ । नेपालले चीनसँग रणनीतिक सम्बन्ध राख्दै आएको भए पनि यस विषयमा स्पष्ट संवाद गर्न जरूरी छ । चीनले नेपाललाई समेटिकन त्रिपक्षीय संवादप्रति सकारात्मक संकेत दिने अपेक्षा गर्न सकिन्छ । अर्कातर्फ अमेरिका, युरोपेली संघ, राष्ट्रसंघ लगायतले अन्तर्राष्ट्रिय सीमाको सम्मान गर्ने नीतिमा विश्वास राख्दछन् । नेपालले यथोचित प्रमाण प्रस्तुत गर्न सकेमा यिनीहरूबाट नैतिक समर्थन प्राप्त गर्न सकिन्छ ।

लिम्पियाधुरा, लिपुलेख र कालापानी नेपालको ऐतिहासिक, भौगोलिक र कानुनी अधिकारमा आधारित भू-भाग हुन् । भारत-चीनको व्यापार सम्झौताले नेपालको स्वाधीनताको अवमूल्यन गर्ने जोखिम बोकेको छ । नेपालले ऐतिहासिक प्रमाण, संवैधानिक आधार, कूटनीतिक पहलकदमी, र जनएकताको माध्यमबाट आफ्नो अधिकार दृढतापूर्वक प्रस्तुत गर्नुपर्छ ।

यस सन्दर्भमा केही स्पष्ट सिफारिसहरू छन्–पहिलो, त्रिपक्षीय कूटनीतिक वार्ता पहल तुरून्त थालिनु पर्छ । दोस्रो, सीमा सन्दर्भमा आधिकारिक ऐतिहासिक दस्तावेजहरू संकलन गर्न वैज्ञानिक आयोग गठन गरिनुपर्छ । तेस्रो, ग्ल, क्ष्ःव, क्ब्च्ञ्, द्यक्ष्क्त्भ्ञ् लगायत अन्तर्राष्ट्रिय मंचमा सक्रिय सहभागिता जनाउँदै नेपालको दाबी व्याख्या गर्नुपर्नेछ । चौथो, सीमावर्ती क्षेत्रमा प्रशासनिक उपस्थिति विस्तार र पूर्वाधार निर्माण आवश्यक छ । पाँचौं, शिक्षा प्रणालीमा 'सीमा, सिमाना र संप्रभुता' विषयमा पाठ्यक्रम समावेश गर्नुपर्नेछ ।

यी कदमहरूले मात्र नेपालको सार्वभौमिकता सुरक्षित गर्न सम्भव हुनेछ । राष्ट्रिय आत्मसम्मानको सवालमा कुनै सम्झौता हुनु हुँदैन ।




## रगत, आगो र संवेदना / राजेन्द्र शलभ



अखबारका पानाहरूबाट
उछिट्टिएर रगत मनभित्र जमेछ
रगत पखाल्नलाई पानी
मनसम्म पुग्दैन
र आँसुले रगत पखालिँदैन ।

हजुरआमाले
भात पकाउँदै गरेको आगो
कसरी हो उछिट्टिएर
देशभरि सल्किएछ
एक गाग्री पानीले पनि
यो आगो निभ्दैन ।

मनको ज्वालामुखी हो यो
छिटो शान्त पनि हुँदैन
डर छ कतै
मनको ज्वालामुखी पड्कियो भने
र सँगै मन पनि डढ्यो भने
संवेदना मर्नेछ
हाँसो पनि मर्नेछ ।

र भोलिको अखबारमा
मुर्दाको देशमा
रगत हुनेछैन
आगो र आँसु पनि हुनेछैन ।

### गजल



हुदै छ रे तिम्रो बिहे त्यो दिन के गर्छु होला
हल्ला सुन्दै बिहोस भए निम्तो पाए जिउदै मर्छु होला ।

घन्किने छ पंत्रचेबाजा पारी पाखा जब तिम्रो ।
प्रण फाल्न बेशीतिर डोरी लिई झर्छु होला ।

उसै सँग हाँसी खुसी बाचे तिमी संसारमा ।
म त धर्ति बाट अन्तै बसाई सर्छु होला ।

तिमी र म लियौ भने अर्को जन्म यो धर्तिमा ।
आउँदो जुनी तिम्रो सिउँदो मैरै हातले भर्छु होला ।

हुदै छ रे तिम्रो बिहे त्यो दिन के गर्छु होला
हल्ला सुन्दै बिहोस भए निम्तो पाए जिउदै मर्छु होला ।

**सुन्दर रोका, दोलखाली**

## भुइँ मान्छे

**अरूणकुमार भुजेल**
गोरूबथान,
दार्जिलिङ



शहरको कोलाहल र बेइमानीबाट टाढा,
एकान्त सुनसान र हराभरा सुन्दर गाउँ ।
जीवजन्तु अनि चराचुरूँगी रमाउने ठाउँ,
त्यही गाउँ र ठाउँलाई असाध्यै माया गर्ने ।
संरक्षण र सम्वर्द्धनमा लागी पर्ने,
एउटा श्रमजीवी,इमान्दार र सोझो मान्छे ।

ढाँटछल र जालझेल केही जान्दैन ऊ,
श्रम नगरी त्यत्तिकै बस्न पनि मान्दैन ऊ ।
खेत जोत्छ अन्न उमार्छ परिवार पाल्छ,
यही काममा सारा उमेर र बलबैंस गाल्छ ।

आडम्बर र देखावटीपनले कहिल्यै छुँदैन,
यथार्थ कुरा त उसलाई फूर्सद पनि हुँदैन ।
किनकि, ऊ भुइँ मान्छे हो,
भुइँसँगै खेल्दा खेल्दै समयसँगै जीवन बित्छ ।

### गजल



छोयौ मेरो दिल नजानी नजानी
पार्यौ झिलमिल नजानी नजानी ।

हराए म आफै बिलाए तिमीमै
झुम्यो महफिल नजानी नजानी ।

अँगालोमा बाँधेउ होस नै हरायो
भयो दुखाई निल नजानी नजानी ।

हेर्यौ एकहोरो मेरा दुई आँखामा
भएछन् टिलपिल नजानी नजानी ।

चोरी यो मनलाई आफ्नो बनाउन
भएछौ नि काबिल नजानी नजानी ।

तिमीले हटायौ यो दुख्ने बिझाउने
मनभित्रको खिल नजानी नजानी ।

**नवशिला**
बेलबारी -२,
नवदेव मार्ग,
लालभित्ती, मोरङ ।

## मेरा कलमका डोबहरू : अध्ययन गर्दा



*अरूणबहादुर खत्री*

गीता अधिकारीको मेरा कलमका डोबहरू नामक लेख/रचनासङ्ग्रह कृतिभित्र व्यक्ति-व्यक्तित्व, पर्व दिवस, नियात्रा-भ्रमण, चलचित्र गीतसङ्गीत आदि समावेश छन् । नेपाली सुगम सङ्गीतका एक धरोहर राजु सिंह शीर्षकभित्र २०५५ सालमा रिता सिंहसँग लगनगाँठोमा बाँधिनुभएका राजु आफूलाई आजको स्थानसम्म आइपुग्न उनको पनि ठूलो साथ रहेको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ रिता राम्रो स्रोता पनि हुन् । कति गीतहरूमा रीताको सुझाव पनि लिने गर्नुहुन्छ राजु सिंहले भनेर लेखिएको छ ।




उपन्यासलेखनमा राधा शीर्षकभित्र राधादेवीको दोस्रो उपन्यास धमिलो प्रकाशले नेपाली समाजमा विद्यमान त्यस्तो पुरूषप्रधान मानसिकतालाई उजागर गर्न खोजेको छ, जसले राष्ट्रको आधा आकाश भनिने नारीहरूमाथि शदियौंदेखि भौतिक, मानसिक दुबै स्तरमा चरम शोषण गर्दै आएको छ भन्नुहुने राधा धमिलो प्रकाश ती सम्पूर्ण नेपाली नारीहरूको कथा हो, जो आ-आफ्ना परिवारको सबैभन्दा भरोसालाग्दो खम्बा भएर पनि परिवारका पुरूष सदस्यहरूबाट पाउनुपर्ने स्नेह र सम्मानबाट सदैव वञ्चित रहँदै आएका छन् भन्नुहुन्छ ।

गीत-सङ्गीतमा हरको पदचाप शीर्षकमा नेपाली आधुनिक गीत-सङ्गीतमा मित्रसेनदेखि रानु देवी, मेलवा देवी, हरिप्रसादजस्ता नामहरू लिइन्छ । प्रदत्त गायनदेखि आजको डिजिटल युगसम्म हजारौं गायक-गायिकाले नेपाली गीत-सङ्गीतमा आफ्नो जीवन व्यतीत गरिसक्नु भएको छ । छिमेकी देश भारतको गीत-सङ्गीतले हाम्रो सुगम सङ्गीतलाई प्रभाव पारेको देखिए तापनि हाम्रो सुगम गीत-सङ्गीतको आफ्नै अस्तित्व र फरक पहिचान रही आएको छ भनेर लेखिएको छ ।

साहित्यमा अनुराग शीर्षकमा लेखिकाले अनु शाहको बारेमा व्याख्या गरेकी छिन् । अनु शाह नेपाली सङ्गीत र साहित्यको क्षेत्रमा परिचित नाम हो । उनको कविताकृति अनुराग प्रवासीबीच चर्चित कवितासङ्ग्रह भएको छ । उनीद्वारा रचिएका दुई सयभन्दा बढी गीतहरू रेकर्ड भइसकेका छन् । नियात्रा-भ्रमणमा गीताले केही वर्षको अन्तरालमा आफूले भ्रमण गरेका दस (चार प्रवास र छ स्वदेश) यात्राहरूको अनुभूति र अनुभवलाई यो कृतिमा एक खण्डको रूपमा समावेश गरेकी छिन् । कोरोना कहरमा शरद उत्सव शीर्षकको लेखमा गीताले कोरोना कहरले समाज विसर्जन गरेको निराशा अर्थात् उत्साह र उमङ्गमा ल्याएको स्खलनलाई दशैंजस्तो महान् चाडको पृष्ठभूमिमा व्याख्या गरेकी छिन् ।

किम्भेको सशक्त सम्पादनमा नेपाली कला क्षेत्र शीर्षकभित्र एउटा राम्रो चलचित्र बन्नका लागि सम्पादनको पनि त्यत्तिकै महत्वपूर्ण हात रहेको बताउनुहुन्छ तारा । उहाँ भन्नुहुन्छ एउटा राम्रो चलचित्र दर्शकसम्म आइपुग्दा पर्दाअगाडि र पर्दापछाडि धेरैको मिहिनेत परेको हुन्छ । म पनि पर्दापछाडि रहेर राम्रो चलचित्र कसरी हुन सक्छ भनेर नयाँ नयाँ सिर्जना गर्ने गर्छु भनेर लेखिएको छ ।

गीत सङ्गीतका अविश्रान्त साधक प्रकाशभित्र वि.सं.२०६५ मा प्रकाशले स्वरूपराज आचार्यको स्वरमा कसैका कुरा सुनेर हो कि बोलको आधुनिक गीत रेकर्ड गराउनु भएको थियो । वियोगान्त शैलीमा लेखिएको उक्त गीत रेडियो र एफएमहरू मार्फत स्रोतामाझ निकै रूचाइएको थियो भनेर लेखिएको छ । विविध खण्ड अन्तर्गत भिन्न-भिन्न शीर्षकमा गीताले कोरोना कहर र त्यसले पारेको असर, त्यसले ल्याएको विकृति, विसङ्गति र वर्तमानमा मानव समाजमा आएको नैतिकताको ह्रासको सुन्दर चित्रण गरेकी छिन् । आफू पनि कलाक्षेत्रमा सक्रिय भएकोले उनले यसको मर्मको प्रत्यक्षदर्शी भएर कोरोनाले बिगारेको कला क्षेत्रको लय लेखमा कोरोनाले नेपाली सिनेजगत्लाई पारेको असर र यसबाट प्रभावित सिनेमा र सिनेकर्मीहरूको नैराश्यतामाथि व्याख्या गरेकी छिन् ।

गत महिनाका दुई अवार्ड शीर्षकभित्र नेपाली चलचित्रहरूलाई सम्मान तथा प्रोत्साहन गर्ने भन्दै २०७३ कार्तिक महिनामा नेपालबाहिर दुई चलचित्र अवार्ड सम्पन्न भए । नेपालबाहिर भएका यी दुई अवार्डहरूमा भारतको सिक्किममा भएको अन्तर्राष्ट्रिय नेपाली कलाकार समाज (इनास) ले गरेको इनास अवार्ड र अमेरिकाको न्यूयोर्कमा भएको ग्लोबल नेपाली फिल्म अवार्ड रहेका छन् भनेर गीताले लेखेकी छिन् । कसका लागि चलचित्र शीर्षकभित्र फागुन मसान्तसम्म प्रदर्शनमा आएका चलचित्रहरूमा बिर्खेलाई चिन्छस् र तथास्तुले राम्रो व्यापार गर्न नसके पनि आफ्नो लगानी सुरक्षित गर्न सफल भयो भनिएको छ ।

चाडपर्व मनाइरहँदा शीर्षकको लेखमा गीताले सनातन शास्त्रहरूमा निहीत महिलाशक्तिको महत्वमा प्रकाश पार्दै नारीलाई शक्तिलय मानेर मठमन्दिरमा पूजा गर्ने तर घरमा रात-दिन सेविका भएर घरगृहस्थी सम्हाल्ने महिलालाई अवहेलना गर्ने पुरूषवर्गको दोहोरो चरित्रलाई एक प्रकारको हिंसाको रूपमा व्याख्या गर्दै अप्रसन्नता प्रकट गरेकी छिन् । नेपाली गीत-सङ्गीतमा नारी हस्ताक्षर शीर्षकभित्र सभ्यताको उषाकालदेखि नै सायद मान्छेहरू गुनगुनाउँथे होला । सङ्गीतको विन्दु ध्वनिसँग सम्बन्धित हुन्छ भनिन्छ, जसलाई शास्त्रले नाद भनेको पाइन्छ । हाम्रो कानसम्म आइपुगेको गीतासङ्गीतमा गायक, गायिका, रचनाकार, सङ्गीतकार सबैको उत्तिकै मिहिनेत रहेको हुन्छ भनिएको छ । उनको लेखन अगाडि बढ्दै जाओस् । आउंदा दिनमा अरू सङ्ग्रह जन्मन सकोस् भन्ने चाहान्छु । मेरो हार्दिक शुभेच्छा ।

लेखकः गीता अधिकारी प्रकाशकः मिलाप पब्लिकेशन प्रा.लि., बागबजार ।
संस्करणः प्रथम २०८१ (सन् २०२५) मूल्यः रू.९९९।- पृष्ठः४७२

**सत्यतथ्य र ताजा समाचारका लागि**

www.sandhyakalin.com पढौं र

**लेख, रचना, समाचार र बिज्ञापन पठाएर**

**सहयोग गरौं ।**

## मुक्तक : कात्रोको रूपमा तिम्रो मखमली पछेउरी होस्



सिम्रिके आँखाले जब हेर्छिन उनले मलाई
आतिएर मेरा परेलीहरू गुहार्ने गर्छन मलाई
उनीसित आँखा जुधाउन डर लाग्छ किनकी
आँखैले मोहिनी लाउन सक्छिन उनले मलाई

न सोध मलाई गन्तव्य रोजी रहेको छु
तसर्थ भर्खर बामे सर्न खोजी रहेको छु
हारे छैन हौसला मेरो अझै बुलन्द हुनेछ
तसर्थ मञ्जिलमा पुग्न दैव पुजि रहेको छु

बिहान आँखा खोल्दा सामु तिम्रो मुहार होस्
राती आँखा चिम्लिंदा सपना तिम्रो देखियोस्
मर्न परे पनि अब कुनै अफसोस् हुने छैन तर
कात्रोको रूपमा तिम्रो मखमली पछेउरी होस्

**- कृष्णबहादुर थापा**




पटकपटक लुटिएको छु निद्रा सँग भोकसँग
अलगै रहने विचारमा छु अब सवथोकसँग
तिम्रो मायाले छाल हान्दा हाँसो मात्रै लूटिएको हो
मेलम्चीले के के लूटयो सोधनूस् सिन्धूपाल्चोकसँग ।

**- सुन्दर रोका**

रङ लगाउनु पर्दैन अकबरी सुनलाई तताउने काम नगर
सगरमाथाको उचाइ थाहा छ सबैलाई बताउने काम नगर
कर्मको फल भोग्छौं ढुक्क छुं नचाहिने कुराले छुँदैन प्रिय
हिलोमा तानेर डुबाउन सक्छु होस् राख्नु सताउने काम नगर



**- ममता मृदुल**



लिनुदिनु केही छैन भावनाको दियो बन्नू
च्यातिएको सम्बन्ध सिलाउने सियो बन्नू
आफूभित्रै अनन्त छ अथाह छ सम्भावना
जगाउन सक्ने तिमी चेतनाको मियो बन्नू ।

**- तिला लेकाली**



शिखरमा चढ्न खोज्यौ, त्यसमा पाइला आजै चाल्नु
भोलि गर्छु किन भन्छौ ? आजैबाट चढ्न थाल्नु
सिर्जनाको शिखर हो चुचुरोमा पुग्नै पर्छ
चिन्तनका कसिङ्गर बढारेर आजै फाल्नु ।

**- गुरूदत्त ज्ञवाली**




कहाँ हुन्छ उँचाइमा मात्रै सबैथोक पाइन्छ भन्ने
धर्ती नछोइकन पनि आकाशमा छाइन्छ भन्ने
टेकेको यही माटोलाई कदर नगरिकन हिँड्दा
वास्तविकता बिना गन्तव्यको उकाली धाइँन्छ भन्ने ?

**- गीताश्री शर्मा**



प्रेमका चोट यति चोटिला हुन्छन्
सम्झियो कि आँखा आफै गिला हुन्छन्
जति भुल्न खोज्यो उति याद आउँछ
शायद यादहरू एकदमै बोझिला हुन्छन्।

**- लीला दाहाल**



जति दुख पीडाहरू पनि खेप्ने बानी परिसक्यो
आँसु झर्दा परेली भित्रै च्याप्ने बानी परिसक्यो
रोएर होइन हाँसेरै जिन्दगी चलाउन मन छ,
चप्पल बिना काँडा माथि टेक्ने बानी परिसक्यो ।

**- अर्जुन अधिकारी**




| | | |
|---|---|---|
| **सम्पादक/प्रकाशक** | | **राजन कार्की** |
| **Editor/Publisher** | | **Rajan Karki** |
| सह□सम्पादक | : | शाश्वत शर्मा |
| अनलाइन प्रविधि | : | उत्तम राज |
| कानुनी सल्लाहकार | : | शिवप्रसाद सिग्देल |
| मुख्य व्यवस्थापक | : | कृष्णकुमार कार्की |
| व्यवस्थापक | : | दिलकुमार कार्की |
| मुद्रण | : | तारा प्रिन्टर्स, कलंकी |

**गोरखा एक्सप्रेस साप्ताहिक**
sfdkf !$, sn+sL, sf7df8f}+
df]=M (*%!)@&)*( kmf]gM$#!@)*$
**E-mail : rajan2012karki@yahoo.com**
**nepaltod@gmail.com**
**Online : www//nepaltoday.com.np**




# सुशासन सबैभन्दा प्रमुख मुद्दा

नेपालको वर्तमान राजनीतिमा प्रमुख मुद्दा भनेकै भ्रष्टाचारको अन्त्य हो । भ्रष्टाचारमा सबैभन्दा बढी बिबादित नेताहरू केपी ओली, प्रचण्ड, शेरबहादुर देउवा, माधवकुमार नेपालहरू सुशासनको भाषण गर्न थालेका छन् । सबैभन्दा पहिले यिनले आफूमाथि छानबिन गराएर क्लिनचिट लिएर आउनुपर्‍यो, अनि भ्रष्टाचारको बिरोध गरेको र सुशासनको वकालत गरेको सुहाउँछ । जो सबैभन्दा बढी बिबादित छ, कलंकित मानिएका छन्, तिनैले भ्रमपूर्ण भाषण गर्नु भनेको लोकतन्त्रमा जगहँसाइ गर्नुमात्र हो ।

भ्रष्टाचार र कुशासनको सवालमा ०४६ सालपछिका सबै नेता दागी छन् । त्यतिबेला जुन पार्टी र नेता सत्तामा थिए, ०६३ सालको परिवर्तनपछि पनि तिनै नेता र पार्टीले आलोपालो सत्ता चलाए । यतिबेला जेनजीको बिद्रोहपछि अन्तरिम सरकार बने पनि बिबादमा तिनै नेता छन् र यो पद्धतिको असफलताले नयाँ संविधानको माग गरिसकेको छ । नयाँ संविधान बनाए पनि मुद्दा फेरि पनि भ्रष्टाचार र कूशासनको अन्त्यकै उठ्नेछ । राजतन्त्र र हिन्दुराष्ट्र किन फालियो भन्ने कुरा उठ्ने छ । जनताले निर्णय दिएकै छैनन्, नेताहरू आफैले निर्णय गरेर पद्धति बसाले, पद्धतिलाई कूशासन र भ्रष्टाचारको अखडा बनाए । यो बिबादको अन्त्य गर्न समाधान निकाल्नका लागि यी विषयमा विषद छलफल हुनैपर्छ । जो जो दोषी छन्, तिनले दण्ड भोग्न तैयार हुनैपर्छ । दण्ड भोग्नुपर्ला भनेर दागी र दोषी नेताहरू राजनीतिक अस्थिरता फैलाउने दुस्साहस गरिरहेका छन् ।

स्थापित नेताहरूको ठूलो दुर्गुण भनेको स्वेच्छाचारिता र आन्तरिक लोकतन्त्र अंगिकार गर्न नसक्नु हो । यिनमा निरंकूशता यसरी बढेर गयो कि यिनले संवैधानिक मर्यादा समेत भुले । सत्तामा भएका बेलामा व्यभिचार गरेर कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका लगायत संविधानका सञ्जाल सबैतिर राजनीतिक अपराधिकरण र निरंकुश शैली अपनाउनु यिनको भूल हो । यही भूलले भदौ २३, २४ को जेनजी आन्दोलन निम्त्यायो, लोकतान्त्रिक गणतन्त्र रगताम्मे भयो, बालबालिका मारिए ।

हरेक पार्टीमा विवेकशील छन् । तिनले हस्तक्षेप नगर्दा र नेतृत्वको जयकार कीर्तन गाएर बस्दा ठूला दलमा लामो समय एउटै नेतृत्व हावी हुनगयो । त्यो नेतृत्व धृतराष्ट्रजस्तो अन्धो भइदिंदा देश अन्धकार भयो, जेनजी पुस्ताले बिद्रोह गर्न बाध्य हुनुपर्‍यो । जेनजी पुस्ताका ७८ जनाले ज्यान गुमाएर रगत बगाइसक्दा पनि नेतृत्व सुधारिएको छैन । लोकतान्त्रिक गणतन्त्र मृत प्राय भएको छ । संविधान मरेको छ । यो स्थितिमा नेताहरूले अझै निरंकूश चरित्र देखाउनु लाजमर्दो विषय हो । जब लोकलज्जा हुँदैन बेष्टमिनिस्टर पद्धति चल्न सक्दैन । नेपालमा भएको यही हो । यस्ताबाट लोकतन्त्रमय जिवन्तता विकसित हुनसक्छ भन्नु निरर्थक हुनेछ ।

लोकतन्त्र आदेशले चल्दैन । संवाद र सहमति लोकतन्त्रको विशेषता हो । यो विशेषता गुमेको अवस्था छ । यसकारण जे जति राजनीतिक मुद्दा छन्, त्यसमा जनताको मत के हो बुझ्नुपर्छ, जनबल र जनमत लिनैपर्छ । जब जनताले अनुमोदन गर्छन्, तब व्यवस्था बलियो हुन्छ, संविधान मजबुत हुन्छ । स्वेच्छाचारिता र निरंकूशताको अन्त्य हुनेछ । नेता बाहुबली छन्, बाहुबली हुनु बलियो हुनु होइन । २०६३ पछि बाहुबली नेता धेरै देखियो, बलियो नेता जन्मिएनन् । नेता बलियो हुन राजनेताको गुण हुनुपर्छ, बाहुबलीको होइन । बाहुबलीले सुशासन दिन सक्दैन, चेत रहोस् ।

# सक्कली जेनजी बिद्रोहपछि नक्कलीकै शासन




नेपालको राजनीतिक इतिहासमा राजा महेन्द्र र वीपी कोइरालामात्र राजनेताका रूपमा चर्चित छन् । यी दुईको छ र नेपाल रहेसम्म रहिरहनेछ ।

०४६ सालको परिवर्तन कालरात्रि बनेर अस्तायो, ०६३ सालको लोकतान्त्रिक गणतन्त्र भ्रष्टाचार र कूशासनको रूपमा बिलायो । अग्रगमनका नाममा बनेको संविधान, संवैधानिक संरचना सबै मरेर गयो । जतिसुकै आत्मरती गरे पनि लोकतान्त्रिक गणतन्त्रको जिलो पनि बाँकी छैन । जेनजीको बिद्रोहले सबै फाँडिदियो ।

यतिबेला प्रश्न गर्न सकिन्छ- राजा महेन्द्र र वीपीको राष्ट्रवाद र प्रजातन्त्र अर्को १० वर्ष जिवित रहेको भए, नेपाल यसरी रक्षान बन्ने थिएन ।

वीपीको आत्मबृतान्त पढ्नेलाई थाहा छ- वीपीले मान्ने राजतन्त्रलाई मात्र हो, राजाले मान्ने वीपीलाई मात्र । एकदोस्रालाई सम्मान गर्थे, वीपी राजाका भान्सामा पुग्थे, महारानीले तरकारी काटेको ठाउँमा पनि पुग्थे । तर एकदोस्राप्रति आकाशजमीनको भिन्नता थियो । वीपी प्रजातन्त्रबादी, महेन्द्र राष्ट्रवादी । नदीका दुई किनारजसरी बाँचे, मिल्न सकेनन् । यद्यपि वीपीले जीवनभरि राजतन्त्रको गर्धनसँग गर्धन जोडिरहे, राजाले वीपीलाई सम्मान र सहयोग गरिरहे । त्यहाँ निषेध थिएन, प्रतिषोध पनि थिएन ।

वीपी बिते, वीपीका शाश्वत नीतिहरू बिलाए । वीपीका उत्तराधिकारीहरूले वीपी धारणालाई कम्युनिष्टको चुलोचौको, चकचकीमा सेलाए । कांग्रेस छ, गूट र फूटमा छ । वामको पछि पछि छ ।

राजतन्त्र फालियो । किन फालियो, कसैलाई थाहा छैन । राजतन्त्रवादी छन्, कोठे आक्रोश र ओठे जय जयकारमा छन् । कांग्रेस छ, वीपी नीतिमा छैन ।

वीपी थिए र राजतन्त्र थियो । राजतन्त्र थियो र कांग्रेस थियो । प्रजातन्त्र र राष्ट्रवाद ज्यूँदो थियो र दुबै थिए । आज न समाजबाद छ, न राष्ट्रवादी । कांग्रेस छ, सुतेको छ कि उठेको छ ? राजनीतिको बहादुर हो कि बगरको बुहारी झार ? नेपाली कांग्रेसले आफ्नो स्थान र स्तरको ख्याल गरेन ।

कांग्रेस खोज्न माओवादी, एमालेजस्ता वामपार्टी खोतल्नुपर्छ ।

राष्ट्रवादी राजतन्त्र र प्रजातान्त्रिक कांग्रेस- राजतन्त्र मारियो, कांग्रेस ब्रम्हनालमा घिटीघिटी अवस्थामा छ । यी दुबै बौरिनसक्ने सहमतिमा हो । सहमति हुन रोक्ने देश विदेशी शक्तिहरू छन्, जो गणतन्त्रको तगारो तेर्स्याएर दोबाटोमा उभिएका छन् ।

कम्युनिष्ट छन्, राजतन्त्रको बिरोध गर्छन्, प्रजातन्त्रलाई सर्वहारावादी समाजवादको जामा पहिर्‍याएर 'पुग्ने एकदलीय शासनमै हो' भन्ने स्कूलिङ गरिरहेका छन् । कम्युनिष्ट सत्ताको भाङ्मा लठ्ठिएर प्रजातन्त्रको चीरहरण गरिरहेका छन् । बरू महाभारतमा कतै कतै दुर्योधन हच्किएको देखियो, लोकतन्त्रलाई नङ्ग्याउन कम्युनिष्टले कुनै कसर बाँकी राखेनन् । कम्युनिष्टका चरित्रमा नीति र अनीतिमा कुनै भिन्नता देखिएन । राष्ट्रवादको मन्त्र जपेर राष्ट्रमाथि बलात्कार गर्नु कमरेडी कमाल हो । संसद, सिंहदरवार र शितल निवास कम्युनिष्टका लागि हरेक दिन मदिरा पिउन र आफैलाई हल्लाउन हल्लिन जाने दोहोरी साँझ भयो । यसकारण त जेनजी बिद्रोह भयो ।

७५ वर्षमा न अर्को राष्ट्रवादी महेन्द्र जन्मे, न प्रजातन्त्रवादी वीपी । अर्को मदन भण्डारी र मनमोहन पनि जन्मेनन् । जन्मिए शेरबहादुर देउवा, प्रचण्ड, केपी ओली, माधव नेपाल । यिनको नाममा कूशासन र भ्रष्टाचारमात्र देखिन्छ ।

शासन चारकोसे झाडी भयो, पशुजस्ता डाँकाहरूको राज निर्वाध चलिरह्यो । सक्कली लोकतन्त्रका लागि जेनजीले बिद्रोह गरे, बिद्रोहपछि पनि नक्कली नै हावी हुनपुगेका छन् ।

इतिहासअनुसार- राणा शासन । एरिगा ल्युस्टाग दरवारकी नर्स । उनले समेत त्रिभुवनको दूत बनेर साथ दिइन् । कारण एरिगाले राजाको निरीहता र जनताको बिजोगबाट ग्लानीवोध गरेकी थिइन् । स्वयम् राजा त्रिभुवनले नर्सलाई भनेका थिए- असली राजा श्री ३ हुन् । म नाममात्रको श्री ५ हुँ । म कैदी श्री ५, कैदी राजा । ताला मारिएको पाँच पाँच ढोकाबाट म थुनिएको छु । इतिहासकारहरू भन्छन्- राजाले तिनै नर्सका माध्यमबाट राणालाई सर्प, राजदूतलाई चरा र चिठीलाई फूलको सांकेतिक भाषामा जनतासँग सम्पर्क स्थापित गरेका थिए । यसरी राजाले राणाविरोधी आन्दोलन छेडेर राणा शाहीलाई हटाएका हुन् ।

त्यसरी आएको र विकसित हुँदै गएको नेपालको प्रजातन्त्र भ्रष्टाचार र कूशासनको बिरामीले थलियो ।

कूशासनको हैजाका बारेमा कुनै योजनाकार भन्दैनन् । कुनै नागरिक समाज वा बुद्धिजीवी बोल्दैनन् । थाहा नभएर होइन, उनीहरूभित्र आत्मसम्मान मरिसक्यो । सबैभन्दा डरलाग्दो रोग विश्वासको संकट हो । आत्मविश्वास नभएकाहरूको रस्तीबस्ती बन्यो शासन ।

विश्वासको ऐना फुटेको छ । फुटेको ऐनामा सग्लो अनुहार देखिन्न । ऐनाका टुक्राहरू बिझेको, ऐनाले काटेर घावैघाउ भएको छ नेपाल । राष्ट्रनिर्माताामा बिबाद छ । परिवर्तनमा बिबाद छ । पद्धतिमा बिबाद छ । मूल कानुन संविधानमा बिबाद छ । बिबादै बिबादले भरिएको मुलुक क्षतबिक्षत अवस्थामा पुग्यो ।

कुनै प्रधानमन्त्रीले मेरो देश महान भन्यो ? नेपालप्रति गौरव गरेको सुनियो ? एउटा दक्षिणतिर ढल्क्यो भने अर्को उत्तरतिर ढल्किन्छ, तेस्रो पश्चिमतिर । यी तिनैथरिमा भएका अवसरवादी पसलेहरू लाभतिर पल्किन्छन् । राष्ट्रवाद र प्रजातन्त्र खिइएको यसैगरी हो । स्वार्थले महत्व पाउँदा कूशासन बढेको हो ।

हरेक नेता शंकास्पद छन् ।

हरेक प्रशासक शंकास्पद छन् ।

शक्तिशाली हुनु भनेको विदेशीको एस म्यान हुनसक्ने योग्यता हो । सत्तामा पुग्ने योग्यता भनेको जेल परेको वर्षगन्ती, पार्टीलाई आर्थिक सहयोग गर्नु हो । संवैधानिक पदमा पुग्ने योग्यता बढाबढमा घूस दिनसक्ने क्षमता र न्यायाधीश हुने योग्यता लेनदेन मिलाउन जान्ने योग्यता हो । घूस दिन्छु, आदेश मान्छु भन्नुपर्ने भएपछि व्यक्ति भजन गुञ्जिने नै भयो । सुत्न र सुताउन सक्ने, खान र खुवाउन सक्ने, लुट्न लुटाउन सक्ने सबै योग्य, बाँकी सबै अयोग्य । नेपाल बिग्रेको नगद र नमस्कारतन्त्रले हो ।

राणा शासनपछि अनेक परिवर्तन भए । २०१७ देखि २०२८ वीचमा बाहेक रचनाशील र सिर्जनाशील केही पनि हुनसकेन । राजा वीरेन्द्रले केही प्रयास गरे, ०४६ पछिका ३७ वर्ष खेर फालियो । लिक्वान यु र महाथिरको सम्झना धेरै पटक गरियो, देशका लागि जनअपेक्षा फल नमिल्ने तपस्यामात्र भयो । राजनेता बन्लान् भन्नेहरूले देश बेचिरहे ।

दोष नागरिकको पनि छ । नागरिकले कस्तो नेता बनाउने भनेर कहिले सोचेनन् । अधर्मीलाई खादा, माला, अभिनन्दन, सिन्दुरे जात्रा गरी गरी अधर्म बढाउने नागरिक नै हुन् । यही देखेर कालीप्रसाद रिजालले गीत लेखे- मुटुमाथि ढुङ्गा राखी हास्नुपर्‍या छ ।

हाम्रा राजनीतिक प्राणीहरूले कहिले विचार नै गरेनन्, रूसमा किन लेनिनको सालिक ढालेर अब्राहम लिंकनको सालिक ठड्याइयो ? इराकमा सद्दाम हुसेनको सालिक बनाउने कारिगरले आफ्नै कारिगरी भत्काए भनेर ।

अर्थात् भ्रम चिरायु हुँदैन ।

नेपाली जनजन भ्रममा छन् ।

०४६ सालमा राजा वीरेन्द्रको पुतला दहन गर्नेहरू ०५८ सालमा तिनै राजाको हत्या भएपछि टाउको मुडेर किरिया बसे । बेलामा बुद्धि नपुगेपछि, समय घर्केपछि गर्ने पश्चाताप र पछुताउ हो ।

कुनै समय इटलीको मिलान सहरमा मुसोलिनीको कार्यक्रममा माउरीको गोलोजसरी मानिसहरू जम्मा हुन्थे, त्यसैगरी भूमिगत प्रचण्ड सार्वजनिक हुँदा प्रचण्डलाई हेर्न नागरिकहरूको लुँडो लागेको देखिन्थ्यो । आज प्रचण्ड शिखरबाट खाल्डामा पुगिसकेका छन् । कांग्रेसका देउवा अथवा ओली, देवत्वकरणबाट घृणाकरणमा पुगे ।

हुन त नेपाली राजनीतिमा कुनै दल, नेता लोकप्रिय रहेनन् । मुसोलिनीका प्रशंसकहरूको होस खुलेपछि मुसोलिनी र उनकी प्रेमिकालाई वीच बाटोमा उल्टो झुण्ड्याउने उनलाई देवता मान्नेहरू नै थिए । जो त्यो बाटो हिड्थ्यो, मुसोलिनीलाई थु थु थुकेर हिड्थे । जसरी १९७५ मा सिक्किम भारतमा मिलाउने राष्ट्रघाती लेण्डुप दोर्जीलाई सिक्किमेहरूले थुकेका थिए । उनी घृणित भएर मरे ।

नेताहरूलाई हेक्का रहोस्, धुपौरेको धुपध्वाँर, आरतीगान सुनेर म ख्यातीको शिखरमा छु भन्ठान्नु आत्मरती हो । ती लखेटिन्छन्, जसरी तिनले अरूलाई लखेटेका थिए । नागरिकले प्रशंसा गर्ने केही गर्‍यो, केही गर्छ कि भन्ने आशले हो । पूजागर्ने उसको कीर्ति, अतुलनीय योगदानलाई हो ।

१५ वर्षमा राम अयोध्या फर्केको किन बिर्सेको ? राजा फालियो भन्ने दम्भ पाल्ने र सुकर्म गर्न नसक्नेहरू नादान हुन् । यासिर अराफात हरहमेसा भन्ने गर्थे- हामी शुन्यतामा महल होइन, प्यालेस्टाइन धर्तीमा झुपडी बनाउन चाहन्छौं । हाम्रा नेताहरूले भर्जिन धर्ती गुमाइरहे ।

१७ वर्षमै देखियो- लोकतन्त्र: जितनी चावी भरी रामने, उतनी चली खिलौना ।

आज महाकवि लक्ष्मीप्रसाद देवकोटाको सम्झना आइरहेको छ । देवकोटाले लेखेका थिए- खोज्छन् सबै सुख भनी सुख त्यो कहाँ छ ? आफु रित्याई अरूलाई दिनु जहाँ छ । नेपाली नेताहरूले यो पढ्नु जरूरी छ ।

नेपालका सन्दर्भमा एक युगमा एक दिन ल्याउने हामी हौं भन्नेहरूले विन्सटन चर्चिल र उनका प्रशंसकको वार्तालाप पढ्न र बुझ्न जरूरी छ । गर्जने सिंह अर्थात बिसौं शताब्दीका युगपुरूष विन्सटन चर्चिलले बोल्ने भनेपछि स्रोता र सहभागीहरूको व्यापक र उत्सुकतापूर्ण भीड हुनेगर्थ्यो । एकदिनको कार्यक्रममा ठूलो मैदानमा अटाइ नअटाई मान्छेहरू आएको देखेर प्रशंसकले प्रशंसा गरे- तपाई साह्रै लोकप्रिय नेता हुनुहुन्छ । तपाईको भाषण सुन्नका लागि लाखौंलाख मानिसहरू जम्मा भएका छन् ।

चर्चिल खिसिक्क हाँसे र प्रशंसाको प्रत्युत्तर दिए- यो भीडमा थोरै भाषण सुन्न र अत्यधिक मानिसहरू तमासा हेर्न आएका हुन् । यदि भोलि यही स्थानमा मलाई फाँसी दिइयो भने योभन्दा ठूलो भीड देखेर तपाई अचम्मित नभए हुन्छ ।

चर्चिल र नेपाल उस्तै छ ।

ठूला दलका नेताहरू कार्यकर्तालाई फोर्स बनाएर सुरक्षित भइरहेका छन् । किन होला भनेर सवालको जवाफ खोजौं, नेपालको राजनीति स्पष्ट बुझिने छ । छर्लङ्ग देखिने छ । नेपाल सिसाघरजस्तो छ, बुद्धि नपुर्‍याए, जुनसुकै बेला कुनबेला चकनाचूर हुनसक्छ ।






# कण्ठरोग निवारणमा सफलता: गलगाँडको समस्या शून्य




पछिल्ला दशकका नेपालले गलगाँड (इन्डेमिक गोइटर) अर्थात् कण्ठरोग निवारणमा ऐतिहासिक सफलता प्राप्त गरेको छ। विगतमा आयोडिनयुक्त नुनको अभावका कारण पहाडी एवं हिमाली भू-भागका बहुसङ्ख्यक नागरिकले गलगाँड रोगको चरम समस्यालाई झेल्नुपर्दथ्यो। घाँटीको अघिल्लो भागमा गलगाँड (डल्लो) नहुनुलाई अस्वाभाविक ठानिन्थ्यो। गलगाँडलाई एक प्रकारले सुन्दरताको प्रतीक मानिन्थ्यो।

यस्तो विकृतिका विरूद्धमा सरकारले कण्ठरोग नियन्त्रण कार्यक्रम मार्फत् आयोडिनयुक्त नुनको वितरण अभियानलाई देशव्यापि सञ्चालन गरेपछि पछिल्लो दशकमा गलगाँडको समस्या शून्यमा झरेको छ। नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को पछिल्लो अध्ययन प्रतिवेदनका अनुसार आयोडिनयुक्त नुनको पहुँच लगभग शत प्रतिशत पुग्दा आयोडिनयुक्त नुनको कमीबाट देखिने गलगाँडको समस्या निवारण भएको हो।

सरकारको आयोडिनयुक्त नुनको सर्वसुलभ पहुँच आम नागरिकसम्म पुऱ्याउने नीति र यस नीतिलाई कार्यान्वयन गर्ने साल्ट ट्रेडिङ कर्पोरेशनको चुस्त वितरण व्यवस्थापनका कारण ग्रामीण क्षेत्रमा गलगाँडको समस्या शून्यमा झरेको हो। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय तथा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको प्राथमिकता प्राप्त कार्यक्रममा 'कण्ठरोग निवारण कार्यक्रम' छ। राष्ट्रिय योजना आयोगद्वारा गरिएको सो कार्यक्रमको 'आन्तरिक मूल्याङ्कन प्रतिवेदन २०७३' अनुसार दुर्गम क्षेत्रमा साल्ट ट्रेडिङ कर्पोरेशनको चुस्त नुन वितरण प्रणालीका कारण कार्यक्रमले सफलता पाएको हो।

हाल उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले आयोडिनयुक्त नुनको आपूर्ति तथा वितरण प्रणाली र स्वास्थ्य मन्त्रालयले गलगाँडका रोग पहिचान तथा उपचारमा ध्यान दिने गरेका छन्। स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीका अनुसार पछिल्ला दशकमा विशेष गरेर पहाडी एवं हिमाली क्षेत्रमा आयोडिनको कमीले हुने गलगाँड शून्यमा झरेको छ भने अन्य 'हाइपर थाइरोइडिज्म', मानसिक तथा शारीरिक क्षमतामा कमी आउने समस्यामा गिरावट हुँदै गएका छन्।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार आर्थिक वर्ष २०७०/०७१ देखि गत आर्थिक वर्षसम्म कण्ठरोग निवारणका कार्यक्रमले शत प्रतिशत नै सफलता प्राप्त गरेको छ। अर्थात् दुर्गम हिमाली तथा पहाडी भुगोल भएका २२ जिल्लामा आयोडिनयुक्त नुनको सुलभ, सहज आपूर्ति मार्फत तथा आम जनताको सहज पहुँच पुऱ्याएकाले कार्यक्रमले सफलता प्राप्त गरेको हो। ती जिल्लामा विशेष गरेर गलगाँडको जोखिम रहने एवं समस्या हुन सक्ने सम्भावित आँकलन समेत गरिएको छ।

गत आवमा मात्र मन्त्रालयले कर्पोरेशनमार्फत् एकलाख दुई हजार ५०० क्विन्टल नुनको सहज आपूर्ति गरेको थियो। मन्त्रालयका सहसचिव शिवराम पोखरेल आयोडिनयुक्त नुनको आपूर्ति र वितरण प्रणालीमा साल्ट ट्रेडिङ कर्पोरेशनको भूमिका ऐतिहासिक रहेको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ "कर्पोरेशनको चुस्त वितरण र व्यवस्थापन तथा आपूर्ति प्रणाली सहज भएकाले आम जनताको सहज पहुँचमा आयोडिन युक्त पुऱ्याउन सरकार सफल भएको हो। सरकारले मागका आधारमा दुर्गम क्षेत्रमा नुनका आपूर्ति पनि बढाउँदै लगेको छ। " आव २०७०/०७१मा दुर्गमका २२ जिल्लामा ५९ हजार ५७३ क्विन्टर पुऱ्याइएको थियो।

*भन्साभान्सामा आयोडिनयुक्त नुन*

कालिकोट, तिलागुफा नगरपालिकाका प्रमुख शंकरप्रसाद उपाध्याय आयो नुनको पहुँच नगरवासीको भन्साभान्सासम्म पुगेको बताउनुहुन्छ। उहाँभन्नुहुन्छ "अब सहुलियत दरको नुन वितरणको जिम्मा पालिकालाई नै दिनुपर्छ। आगामी दिनमा आयोडिनयुक्त नुनको चुस्त वितरण र व्यवस्थापन गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले दुर्गम जिल्लामा नुनको बिक्री डिपो थप गर्नुपर्छ। यसका लागि समन्वय गर्न पालिका तयार रहेका छन्।" तिलागुफा-१ का वडाध्यक्ष मनबहादुर बुढा गाउँमा 'ढिके नुन खानु हुँदैन, यसमा आयोडिन हुँदैन' सचेतना बढेको, ढिके नुन बस्तुभाउलाई खुवाउन छाडिएको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "आयोडिनयुक्त नुनका बारेमा सचेतना त पुग्यो, सर्वसुलभ पहुँचका लागि संघीय सरकारले नुनको बिक्री डिपो थप गर्नुपर्छ।"

सोही नगरपालिकास्थित सत्यदेवी माविका प्रधानाध्यपक सनम शाही विद्यालयले समय समयमा आयोडिन नुनको महत्वका बारेमा विद्यार्थीलाई सचेतनाका कक्षा लिने गरेको जानकारी दिनुभयो। उहाँ भन्नुहुन्छ, "दुई बालबालिका चिन्ह भएको 'आयो नुन', 'भानु नुन'को महत्वका बारेमा जानकारी दिँदा भान्सामा ढिके नुनको प्रयोग हुन छाड्यो। गलगाँड भएका मानिस गाउँमा अहिले देखिँदैनन्।"

कालिकोट, सान्नी त्रिवेणी गाउँपालिकाका अध्यक्ष मोहनबहादुर केसी पालिकाभित्र ढिके नुनको प्रयोग गर्ने घर लगभग शून्यमा रहेको जानकारी दिनुहुन्छ। उहाँ भन्नुहुन्छ "सरकारको आयोडिनयुक्त नुनको सर्वसुलभ पहुँच आम नागरिकसम्म पुऱ्याउने नीति र यस नीतिलाई कार्यान्वयन गर्ने साल्ट ट्रेडिङको व्यवस्थापनका कारण भान्सा भान्सामा आयोडिनयुक्त नुन आइपुगेका छन्। तर सहुलियत दरका नुनको कोटा बढाउनुपर्छ।" अध्यक्ष केसीले गाउँमा 'दुई बालबालिका चिन्ह अङ्कित आयोडिन नुनको प्रयोग गर्नुपर्छ' भन्ने सचेतना बढेको बताउनुहुन्छ।

सान्नी त्रिवेणी-९ स्थित मुम्रा स्वास्थ्य चौकीका प्रमुख धीरेन्द्र केसी आयोडिनयुक्त नुनको कमीले देखापर्ने गलगाँडका बिरामी गाउँमा नभएको जानकारी दिनुहुन्छ। उहाँका अनुसार शरीरमा आयोडिनको कमीले गर्भवतीलाई असर पर्छ। गर्भ तुहिने, मृत शिशु जन्मने, अविकसित दिमाग भएको शिशु जन्मने, शारीरिक रूपमा विकलाङ्ग हुने लगायत सम्भावना हुन्छ। सान्नी त्रिवेणी-९ स्थित डाँफे माबिका प्रधानाध्यपक दूर्गाबहादुर केसी बालबालिकामा आयोडिनयुक्त नुनको कमीले हुने गलगाँड नदेखिएको बताउनुहुन्छ।

जुम्ला चन्दननाथ नगरपालिकाका उपप्रमुख रामदेवी खड्का पछिल्ला समय ढिके नुनलाई प्रयोग गर्ने प्रचलन लगभग अन्त्य भएको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ "आयोडिनयुक्त नुन प्रयोग गर्नुपर्छ भन्ने सचेतना त बढेको छ।"

सोही नगरपालिकाका जनस्वास्थ्य अधिकृत कमला पुन मगर नगरक्षेत्रमा हालसम्म आयोडिनयुक्त नुनको कमीले हुने गलगाँडका बिरामी नदेखिएको जानकारी दिनुहुन्छ। उहाँका अनुसार आयोडिनको कमी भएका बालबालिकाको मानसिक विकास राम्ररी नहुने, पढाइमा कमजोर हुने, सुस्त मनस्थिति, बोल्न नसक्ने, आँखा डेढो हुने र शारीरिक विकासमा पनि बाधा पुग्छ। साथै वयस्कमा आयोडिनको कमी भएमा गलगाँड आउने, थाइराइड, मानसिक, शारीरिक क्षमतामा कमीजस्ता असर देखिन्छन्। बालबालिकामा हुने न्यूरोलोजिकल क्रेटिनिज्मको मुख्य कारण आयोडिनको कमी नै हो। शिक्षा शाखा प्रमुख खडानन्द चौलागाई विद्यालयमा आयोडिनयुक्त नुनको महत्वका बारेमा बालबालिकालाई जानकारी दिने गरेको बताउनुभयो।

*'थोरै खाऔं, मात्रा मिलाएर खाऔं'*

पछिल्लो सयम देशभर बार्षिक दुइलाख टनभन्दा बढी आयोडिन युक्त नुनको माग हुँदै आएको छ। यही मागअनुसार नै साल्ट ट्रेडिङ कर्पोरेशनले आयोडिन युक्त नुनको सुलभ र सहज आपूर्ति गर्दै आएको छ। कर्पोरशनका प्रबन्धक ब्रजेश झाका अनुसार गत आवमा कर्पोरेशनले दुई लाख १० हजार टन आयोडिनयुक्त नुन बिक्री वितरण गरेको थियो। अर्कोतर्फ कर्पोरेशनले नुन आपूर्तिमा तत्काल अबरोध आउन नदिन ६ महिनासम्मलाई पुग्ने नुन आफ्ना गोदाममा मौज्दातमा राख्दै आएको छ। उहाँ भन्नुहुन्छ, "सरकारको कार्यादेश अनुसार नै आयोडिनयुक्त नुनको नियमित आपूर्ति र वितरण हुँदै आएको छ।"

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव पोखरेल आयोडिनयुक्त नुनको आपूर्ति तथा वितरणलाई साल्ट ट्रेडिङ कर्पोरेशनले चुस्त बनाएकै कारण गलगाँड निवारणमा ऐतिहासिक हात परेको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ "कर्पोरेशनलाई नुनको एकाधिकार दिँदा मूल्यमा समेत सरकारले नियन्त्रण गर्न पाइरहेको छ।"

निजी क्षेत्रलाई नुनको कारोबारमा प्रवेश गराउँदा आपूर्ति व्यवस्थामा सङ्कट आइपर्ने विश्लेषकले जनाएका छन्। नुन अत्यावश्यक वस्तु भएकाले सरकारको नीतिभित्रै राख्नुपर्ने माग गरिइएको छ। 'आयोडिन' शरीरलाई दैनिक रूपमा नभई नहुने सूक्ष्म पोषक तत्व हो। सरकारले 'थोरै खाऔं, सही मात्रामा खाऔं' भन्दै दुई बालबालिका अङ्कित चिह्न भएको नुन खान आग्रह गर्दै आएको छ। नुनले थाइरोड ग्रन्थिबाट थाइरोइड हर्मोनहरू निकाल्न मद्दत गर्दछ। शरीरको कोशिकाहरूको कार्य सुचारू राख्न, दिमागको वृद्धि र विकास गर्नजस्ता मुख्यमुख्य काममा सहयोग गर्दछ। शारीरिक र मानसिक विकासका लागि चाहिने हर्मोन उत्पादनका लागि पनि आयोडिनको आवश्यकता पर्दछ।

@radionepal.com

# सुख-सुविधाप्राप्त दलहरू विरूद्ध पीडित जनताको विद्रोह

**नारायण प्रसाद मिश्र**

नेपालको संविधान, २०७२ बमोजिम हाम्रो मुलुकमा लोकतान्त्रिक गणतान्त्रिक संघीय शासन प्रणाली छ। यो व्यवस्था लागु भएदेखि हाम्रो मुलुकको शासनको बागडोर मुख्यत: नेपाली कांग्रेसका सभापति शेर वहादुर देउवा, नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष खड्ग प्रसाद ओली र माओबादी नेता हाल नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष पुष्प कमल दाहाल प्रचण्डको हातमा परेको कुरा सर्व बिदित छ। मुख्यत: यी तीन नेताहरूले आलोपालो गरी देशमा शासन चलाए। यसैले यस अवधिमा यो मुलुकमा भएको उन्नति, प्रगति, बिकास, निर्माण, उपलब्धी आदि सबै कुराको जस यिनीहरूलाई नै जान पर्दछ। साथै यस मुलुकमा यस अवधिमा हुन गएको विनाश, अवनति, दुर्गति, अव्यवस्था, बेथिति, भ्रष्टाचार, अनियमितता, आपस आपसमा कलह, झगडा, कुशासन, नातावाद, कृपावाद, आफन्तवाद, पक्षपात, अन्याय, अत्याचार आदि जेजे हुन गयो ती सबै कुराको अपजस पनि यिनीहरूमा नै जाने भन्नुमा कुनै दुइबाद हुन पर्दैन। प्रगतिको भागिदार जो जो हुन्छन्, दुर्गतिको अपजसको भागिदार पनि तिनै हुन्छन् भन्नुमा कसैको भिन्न मत हुन पर्दैन।

यी तिनै नेताहरूले आफू सरकार बाहिर रहेका बेला देशमा भ्रस्टाचार, अनियमितता, कुशासन ब्याप्त रहेको र निसहाय जनताले दु:ख पाएको भन्दै एकले अर्कोलाई दोषारोपण गर्ने गरेको कुरा सबैको स्मरणमा छदैछ। यति हुदाहुदै पुन: संगै शासन चलाउने सुअवसर पाउने वितिकै घनिष्ठ मित्र बन्ने गरेको, एकले अर्कोलाई पवित्र, इमान्दार, शुद्ध देख्ने गरेको, सवै जनता सुखी खुशी र देशमा सुव्यबस्था र सुशासन कायम भएको भन्ने गरेको कुरा पनि सबैको मष्तिष्कमा ताजै रहेको हुनुपर्दछ।

देशमा गर्मी आउदा सबैलाई गर्मी जाडोमा आउँदा सबैलाई जाड़ो महसूस हुने जस्तै देशमा भएको शासन व्यवस्था सवैले भोगेकोले यसको सुखदु:ख कसैले कसैलाई बोध गराउन जरूर पर्दैन। सवै जनता भूक्तभोगी छन्। राम्रो वा नराम्रो जेजे भएका छन्, सबैलाई थाहा छ। कुरा जस्तो भएपनि हाम्रो धर्म संस्कार अनुसार भगवान साक्षी राखी इमान्दारिपूर्वक सत्य वोल्ने हो भने हामीले भन्नु पर्छ हाम्रो मुलुकमा दुईथरीका जनता भए- एक सुखभोगी र अर्को दु:ख भोगी। देशमा रहन गएका दलीय सरकार समस्त मुलुक र जनताको लागि भन्दा आफनो दल र आफना दलका कार्यकर्ताका लागि मात्र हुन गएकोले सरकारमा रहेका गएका दलसित नजिकवाट गाँसिएका जोडिएका सीमित जनता सुख भोगी र अरू बाँकी सबै दु:ख भोगी हुन गए। सुखभोगीले सदा देशमा सदा सुब्यवस्था र सुशासन देखे। कारण यिनीहरूले सुशासन र सुब्यवस्थावाट पाउने फल खान पाए। दु:खभोगीको मुखमा केही पनि परेन। यसैले उनीहरूले देशमा वेथिति र कुशासन देखे। देशको वर्तमान स्थिति र सत्य चित्र यही हो। मैले देखेको भोगेको पनि यही हो।

गत भाद्र २३ र २४ गते जेन जी नाम धारण गरेका कच्चा उमेरका, भर्खर भर्खरका युवायुबतीहरूको नेतृत्व, परिचालन र सहभागितामा हाम्रो मुलुकमा भ्रष्टाचार, बेथिति, कुशासन बिरूद्ध र सुब्यवस्था र सुशासन कायम गर्नको निमित्त अचानक, अकल्पित, भयङ्कर ठूलो आन्दोलन भयो। यसले देशमा रहेको अहिले सम्मकै सबभन्दा बलियो शक्तिशाली झण्डै झण्डै २/३ को संयुक्त सरकारलाई लगभग २७ घण्टा भित्र भयङ्कर ठूलो हावाहुरीले चक्रवातले जस्तै उडाइदियो। नाम जेन जी वा जुनसुकै भएपनि सुखभोगी बिरूद्ध दु:खभोगीले गरेको यो आन्दोलन जस्तो मलाई लाग्छ। जेन जी नाम धारण गरी एकढिक्का भई यिनीहरू सड़कमा उत्रे। त्यसमा जरूर पनि अरू बाँकी दु:ख भोगी सबैले साथ दिए। आफू आफू मिल्दा घनिष्ठ मित्र र नमिल्दा एक अर्काका महाशत्रु बन्ने पटक पटक सरकार चलाउने र चलाइसकेका तिनै दलका छद्मभेषिहरू पनि जरूर पनि त्यो बेला एकले अर्कोको विनाश गर्न अघि सरी यो विध्वंशमा लागे। संसारमा कही नभए जस्तो केही घण्टामै मुलुकमा ठूलो धन जन र राष्ट्रिय सम्पदा सम्पतिको क्षति हुन गयो। साधारणत: सरकारमा रही शानमान र मोजमज्जामा रहिसकेका र रहेका नेताहरू मात्रको घरबारी तोडफोड आगजनी बिनाश गरेको देख्दा पाउदा मुख्यत: यो सुखभोगी विरूद्ध दु:खभेगीले नै गरेको विद्रोह भन्नु अत्युक्ति नहोला।

परिणामस्वरूप बिद्रोहीको सिफारिस र आडमा हाल मुलुकमा सम्माननीय प्रधानमन्त्री सुशीला कार्कीको तटस्थ सरकार छ । तटस्थ यसमानेमा कि देखिने गरी यहाँ कुनै राजनैतिक दलको प्रतिनिधित्व छैन। यत्रो ठूलो बिद्रोहबाट स्थापना भएको सरकार भएपनि सरकारको अवधि ६ महिना मात्र भएको र सरकारको मुख्य उद्देश्य र अभिप्राय पुरानो प्रतिनिधि सभा विघटन र आगामी फागुन २१ गते नयाँ प्रतिनिधि सभाको चुनाव मात्र गरी विदा लिने देखिएकोले यसबाट मुलुकमा भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गरी दु:ख भोगीहरूलाई सुब्यवस्था र सुख दिने तर्फ कुनै किसिमको ठोस काम गर्न नसक्ने र नभ्याउने निश्चित छ।यस सन्दर्भमा बिचार गरिदा मुलुक र जनताको लागि कुनै किसिमको उल्लेखनीय अपलब्धी विना अचानक आएको हावाहुरी जस्तो यो आन्दोलन र बिद्रोह नेपाली आकाशमा विलाउने देखिन्छ।

अर्कोतिर सुखभोगीवाट फरक समस्त मुलुकका वहुमतमा रहेका वहुसंख्यक शोषित पीडित दल बाहिरका दु:खभोगीहरूको सामुहिक स्वार्थको मुलुकबादीको संयुक्त दल जस्तो देखापरेका जेन जी नाम धारण गरेका जेन जी हरू आफै माओबादी, खाओबादी, राजाबादी, प्रजातन्त्रबादी, साम्यवादी आदिआदि हुँदै आफनो जन्म धारणा र उद्देश्यबाट विमुख भई बिभिन्न दलको फायदा पाउन हिडेपछि यसको अस्तित्व रहनेमा ठूलो शङ्का उत्पन्न भएको छ। यसो हुन गयो भने यो हावाहुरी, धुँवा, रापताप, चिसो, ठण्डी जस्तै आयो गयो भई बिलाउने र यो जेन जी नामबाट मुलुकको विकास र जनताको कल्याणको लागि भविष्यमा पनि कुनै काम नहुने निश्चित छ। यै कल्पना र सोचाइमा मेरो हृदयमा उब्जेको भाइ दाइ सम्वाद शीर्षकको जेन जी बारेको एक कविता गोरखा एक्सप्रेस साप्ताहिक अखवारमा २०८२ मंसिर १३ गते प्रकाशित छ। सो सम्बाद यो लेखको अभिन्न अङ्ग जस्तै भएकोले केही परिमार्जन गरी पुन: यहाँ उद्धृत गरेको छु।

narayanshanti70@gmail .com

## जेन जी भनेको के हो ?
## (भाइको प्रश्न, दाइको जवाफ)

प्रश्न : दाइ, जेन जी भनेको के हो ?
जवाफ : भाइ, जेन जी भनेको एक समूह हो।
एक किसिमको यो मसलाजस्तै हो।
नूनजस्तै हो।
तेलजस्तै हो।
बेसार जस्तै हो।
यो प्रयो हुन्छ, जुनसुकै तरकारीमा।
प्रश्न : दाइ, यो दल हो कि ? निर्दल हो ?
जवाफ : भाइ, यो दल पनि हो, दल पनि होइन।
कहिल्यै हुन्छ थरी गरीका दल।
प्रश्न : दाइ, यो कसरी ?
जवाफ : भाइ, अलग्गै बस्दा दल अर्थात् जेन जी दल।
सत्यवादी दल, मुलुकवादी दल, जनतावादी दल।
टुक्रिदा यो हुन्छ निर्दल।
अरूसित गाँसिदा यो हुन्छ- थरी थरीका दल
माओवादी दल, खाओवादी दल
कांग्रेसवादी दल एमालेवादी दल
राजावादी दल, राजा विरोधी दल
स्वार्थवादी दल
आफूलाई जहाँ फायदा त्यै दल।
प्रश्न : दाइ, यसको रूप कस्तो हुन्छ ?
जवाफ : भाइ, यो देखिन्छ- हावाजस्तो, जाडोजस्तो, गर्मीजस्तो,
कहिले कस्तो, कहिले कस्तो
भन्नै नसकिने कस्तो कस्तो
बिना रूपको- निराकार।
प्रश्न : दाइ, मलाई त बुझ्नै गाह्रो, मैले त कुरै बुझिन।

# समाजवाद कि मृत्यु, देश कि दास ?

**सरोज अर्याल-**



अब देश बचाउन सबै एकजुट हुनुपर्छ। विदेशी दलालहरूको हस्तक्षेप विरूद्ध एक हुनैपऱ्यो।

देश निर्णायक मोडमा उभिएको छ। राजनीतिक अस्थिरता, आर्थिक शिथिलता, सामाजिक विखण्डन र बढ्दो विदेशी हस्तक्षेपले राष्ट्रको अस्तित्वमै प्रश्न उठाइरहेको यो समय नेपाली जनताले अब मौन बसिरहन सक्दैनन्। "अब देश बचाउन सबै एकजुट हुनुपर्छ" भन्ने आवाज सडकदेखि सदनसम्म गुञ्जिन थालेको छ। देशभित्र सक्रिय विदेशी दलाल, एजेन्ट र स्वार्थ समूहहरूको पहिचान, नियन्त्रण र प्रभाव अन्त्य नगरेसम्म राष्ट्रिय सार्वभौमिकता सुरक्षित हुन नसक्ने निष्कर्षमा आम नागरिक पुग्न थालेका छन्।

विदेशी हस्तक्षेप अदृश्य तर गहिरो जालोको रूपमा छ। नीति निर्माणदेखि सरकार गठन-विघटनसम्म, विकास परियोजनादेखि सुरक्षा रणनीतिसम्म विदेशी स्वार्थ मिसिएको आरोप नयाँ होइन।

विशेषगरी केही स्वार्थी समूहहरूले विदेशी सहयोग, अनुदान, आईएनजीओ, कूटनीतिक दबाब र आर्थिक लोभको आवरणमा राष्ट्रिय हितविरूद्ध काम गरिरहेको जनगुनासो व्यापक छ। सत्य यस्तै छ।

दलाल राजनीति र कमजोर शासन प्रणाली, राजनीतिक दलभित्रैबाट विदेशी स्वार्थको प्रतिनिधित्व देखिन्छ। नीति स्थायित्व नहुनु, राष्ट्रिय एजेन्डाभन्दा दलगत र व्यक्तिगत स्वार्थ हावी हुनु, भ्रष्टाचारमाथि कारबाही नहुनु–यी सबैले विदेशी दलालहरूलाई झन् सक्रिय बन्ने मौका दिएको जानकारहरू बताउँछन्।

आर्थिक निर्भरता र आत्मनिर्भरताको संकट गहिरिदो छ। नागरिक चेतना र राष्ट्रिय एकताको अभावमा यस्तो भएको हो। यो स्थितिमा युवाको भूमिका : चेतनादेखि परिवर्तनसम्म जरूरी छ। राज्यको दायित्व : स्पष्ट नीति र कडा कार्यान्वयनमा अब ढिलाइ गर्न मिल्दैन। निष्कर्ष : विकल्प छैन, एकता नै शक्ति हो।

# Heartiest condolence and tribute to late Major Tap Bdr. Ranabhat (Raanaabhaata), one of the heroes and builder of Nepal Army

By Uttam Karmacharya

1. Preface

Mr . Krishna Sharan Ranabhat (Raanaabhaata )was my very favorite friend. We met several times in different places and firms. Specifically I remembered my meeting with him with special references to writing article regarding the life profile of his late father Major Tap Bdr. Ranabhat, He visited my office and other places several times. I am very proud of his patience and devotion undertaking for the publication of a book based upon the life profile of his late father through different sources: greetings. Congratulations; condolences, interviews and articles plus pictures stories.

He was kind enough to provide me some pages regarding the biography of his late father mostly focusing on the following areas. We are very proud of his life time military service and life of his late father Major Tap Bdr. Ranabhat Ranabhat Mr . Krishna Sharan Ranabhat has written the detail life time Biography of his Late father Tap Bdr. Ranabhat covering dozen of his military and social service sectors with reference to different walks of life in his write up detail seven pages in Nepali . it was very remarkable and heart touching . We everyone should / must study of such a leading distinguished personality of Military Life decorated with so many decorations, appreciations and felicitations. Let us all express our sincere gratitude for his remarkable contributions extended to the development and promotion of Nepal Army during his life time.

2. History of Nepal Military / Army

While going through the life history of late Ranabhat, I became very interested to know about the history of military in Nepal ( Nepal Army ) . I wish to share the history of Military In Nepal for the kind information with all respectable readers of this article/ write up in short.

3. Recapitulation of Nepal Army

The **Nepali Army** (*Nēpālī Sēnā*), also referred as the **Gorkhali Army** *Gōrakhālī Sēnā*; see *Gorkhas*), is the land service branch of the Nepali Armed Forces. After the Gorkha Kingdom was founded in 1559, its army was established in 1560, and was accordingly known as the *Gorkhali Army*. The army later became known as the *Royal Nepali Army* (RNA) following the Unification of Nepal, when the Gorkha Kingdom expanded its territory to include the whole country, by conquering and annexing the other states in the region, resulting in the establishment of a single united Hindu monarchy over all of Nepal. It was officially renamed simply to the *Nepali Army* on 28 May 2008, upon the abolition of the 240-year-old Nepalese monarchy, and of the 449-year-old rule of the Shah dynasty, shortly after the Nepalese Civil War. The Nepali Army has participated in various conflicts throughout its history, going as far back as the Nepali unification campaign launched by Prithvi Narayan Shah of the Gorkha Kingdom. It has engaged in an extensive number of battles within South Asia, and continues to take part in global conflicts as part of United Nations peacekeeping coalitions.

The Nepali Army is headquartered in Kathmandu . Short Profile of Nepal Military

Nepal lies along the mountains of the central portion of the Himalayas. This rectangular piece of South Asia has acted as an important bridge linking two ancient civilizations of the Asian continent – China in the North and India in the South. The land slopes downwards from the almost impenetrable and mighty Himalayan wall of the North until it reaches the Southern fertile Tarai plains. The narrow track of Tarai plains was once covered by thick tropical forest known as the Char Kose Jhadi. This malarial curtain kept settlements out until recently when the forests started being cleared and people from all directions came to settle down, making it the fastest growing habitated area in the country. India lies to the South of the Tarai. The river Mechi flowing from North to South is the Eastern border and the river Mahakali makes up the Western border of Nepal. Nepal was once much more extensive and included the present-day Indian Kumaun and Gadhwal and all the hill country West to the river Sutlej.

Between the Himalayas and the Tarai plains lie two mountain ranges running from West to East broken only by streams and rivers that run from North to South. These natural furrows have acted as natural barriers against the movement of people from one part of the country to the other which meant that the isolated communities could enjoy their own unique lifestyles without hindrance from others. The Mahabharat range reaching up to 10,000 ft in height takes up the largest area of the country and most of the Nepalese live on the slopes and valleys of this range. The Chure or Siwalik range, a single file of sandstone hills running from the East to the West, not exceeding 300 to 600 feet from the base, is the outer border of the mountainous ranges. The Tarai lies to the South of Chure and serves as the rice bowl of Nepal today.

The Nepal Himalayas consist of four major massifs making the formidable Northern wall throughout the length of the country-Nanda Devi (25,700 feet); Dhaulagiri (26,826 feet); Gosainthan (26,305); and Kanchanjunga (28,156 feet). The 29,028 feet Mount Everest lies roughly midway and gives off no main ridges.

The climate of Nepal varies according to the landscape. Farther North, between the Great Himalaya and the Tibetan marginal mountains, lie the Bhot valleys, which resemble in almost every respect the Tibetan landscape. The Bhot valleys offer a typically tundra climate, with cool summers and very cold winters. The Southern Tarai and inner valleys have a hot, humid, tropical climate. The centrally located mountain and hilly areas offer conditions between these two extremes. In spite of the great variations available, the climate can generally be described as temperate. The mountains stop the monsoon winds blowing from the Southeast providing the country with plenty of rains from June to September. However, the winds get drier as they flow West making the Eastern parts wetter than the West. Small amounts of winter rain are also brought by winds from the Arabian Sea. Due to the influence of topography, great variations in the amount of rainfall are found even in rather small localities. The rain shadow areas of the Tibetan plateau, which contain the Northernmost parts of Nepal, get very little rain, some years not at all. Given the narrowness of the rectangle, as the breadth of Nepal does not cover more than five degrees in latitude in any part, the range in climate is striking. The climatic variations offer a sanctuary for a wide variety of plant and animal species. The biodiversity is one of the richest even though the area of the land mass is small.

This diversity in climate, plants and animals is matched only by the diversity of people and their individual lifestyles. Within such a small geographical area many different ethnic groups have settled on the slopes of separate mountains and in valleys. Throughout the ages, people from North, South, East and West settled in these parts bringing in their influences to create a unique culture. Records show that some 93 different languages are spoken in Nepal, besides the Nepali language itself. These people have lived in the difficult terrain for centuries toiling hard for a simple lifestyle. Their hospitality and honesty have been highly regarded throughout the world. They have learned to use the mountains not only for their livelihood and lifestyle but for their security as well. The harsh conditions and independent mindset nurtured the strong martial spirit of the Nepalese people, which has been well known throughout history. Ancient scriptures reflect that Nepalese forces had fought even during the Mahabharat war.

The rugged landscape offers some passes, albeit for only hardened human beings, to traverse. These breaks or passes have served as strategic points for contacts between the Northern and Southern civilizations since time immemorial. There are more than half a dozen passes through the Nepal Himalayas leading to the Tibetan plateau that have been regularly used to this day. Apart from the numerous streams which originate in the mountainous country before furrowing their way to the South, three main rivers provide some basin landscapes in Nepal. The snow fed rivers rise in the Himalayas and provide a perennial source of water for irrigation, transportation and the like. They are: the Western basin of the Karnali, Central basin of the Gandaki and the Eastern basin of the Koshi.



Recorded history of Nepal begins after 350 BC. Documented evidences, apart from the scriptures, are not available for periods before that. Different kings of different dynasties like Gopal, Mahishpal, Kirat and Lichchabi had ruled over this country during the Pauranic (ancient) Age. Capturing other principalities and invading territories through armed might was common practice. Records show that the institution of the army was initiated just after 350 AD. In those days, the neighboring countries, including China, Tibet and Southern states, known as India today, had armies of their own. Nepal had also maintained her military strength according to documents of the reigns of prominent Lichchavi kings, including Mandev, Shiva Dev, Narendra Dev and Anshuvarma. King Narendra Dev's Nepal had extended the cooperation of 7,000 cavalry and 3,500 infantry troops in the year 647 AD at the request of China to attack a Southern kingdom.

The armed forces used to be centrally located during the ancient times, whereas, in the middle age, they were deployed in vital locations like fortresses in strategically important places of the country. The commander of the fortress was called "Kwantha Nayak" and they were very powerful. The Malla dynasties ruled Nepal in the middle age. Newar Malla kings ruled over Kathmandu valley and the surrounding areas while the Karnali region was ruled by Khas Malla kings, who had maintained powerful armies. King Jitari Malla had attacked Kathmandu valley but the Khas Malla forces were ignobly defeated by the Newari Malla soldiers. During this period, Nepal was divided into fifty different principalities which meant that military strength remained dispersed. Soldiers were maintained by the kings, princes, chiefs of army, mulmi, kwantha nayaks and umraos. These traditional ranks were prestigious positions in the army. Since some of the principalities were stronger than the others, there were continuous clashes. In Kathmandu valley, and also in Doti, it is now known that Indian mercenaries had also been used. The significance of military might derived from the Pauranic Age was well understood and used liberally.

The 1700s was a century of uncertainty throughout the world. Rivalry among states was not confined to this part of the planet. The world military powers like Britain, France and Portugal were busy creating colonies in different parts. Clashes in their interests resulted in wars in different countries. Britain and France were also moving towards South and Southeast Asia. This threatened Nepal as well.

The British East India Company had already captured major parts of India and was moving forward towards the Northeast and approaching Nepal. Nepal was divided into many principalities during this period. It was at this time that King Prithvi Narayan Shah, hailing from one of the principalities called Gorkha, decided to unify Nepal. He was the architect of modern Nepal. Although, Gorkha was small and economically weak, King Prithvi Narayan Shah astounded the world by carrying out such a challenging task under such difficult circumstances. The Unification Campaign was initiated in 1740 AD at which time the British had already started colonizing the Indian provinces.

This was a turning point in the history of the Nepali army (NA). Since unification was not possible without a strong army, the management of the armed forces had to be exceptional. Apart from the standard army being organized in Gorkha, technicians and experts had to be brought in from abroad to manufacture war materials. After the Gorkhali troops finally captured Kathmandu (then known as Nepal), the Gorkhali armed forces came to be known as the Nepali Army.

Their gallantry, sincerity and simplicity impressed even the enemy, so much so, that the British East-India Company started recruiting Nepalese into their forces. Since the British had fought against the Nepali Army, which was till that time, still colloquially known as "Army of Gorkha" or "Gorkhali" army, the British took to calling their new soldiers "Gurkhas". Hence, in essence, the "Gorkha" heritage belongs, first and foremost, to the Nepali Army.

There is still some misunderstanding that the Nepali Army is a part of the British and Indian Armies. The Gurkha Rifles existing in India and Britain are part of foreign military organizations where Nepalese are recruited. The NA rightfully is the proud national army of sovereign and independent Nepal with an unbroken history since the year 1744. The fact that Nepal and the Nepalese people have never been subjugated by any colonial power is a significant achievement of the Nepali Army. King Prithvi Narayan Shah the Great was the founder of the Nepali Army.

**The Unification Battles**

Nuwakot, a strategic area in the Northwest of Kathmandu valley, belonged to the kingdom of Kathmandu. King Narabhupal Shah, the father of Prithvi Narayan Shah had tried to annex Nuwakot into Gorkha. But his attempt had failed. The first attempt by King Prithvi Narayan also failed. So, this was really the third attempt by the Gorkha King.

Kazi Kalu Pande, the Gorkhali commander, chalked out a strategy to mount a sudden attack against the defenders from an unexpected direction without giving the enemy opportunity for counterattack. When Kazi Kalu Pande began to climb up from the North, it was dawn of the 26th of September 1744. The defenders of Nuwakot were still sleeping. The Gorkhali forces reached Mahamandal, a tactical outpost in Nuwakot, and mounted a surprise attack there. Shankha Mani, the commander of the defenders, began to encourage his panic-stricken soldiers to stand up and fight against the Gorkhalis, but to no avail. He himself took a sword, charged forward and wounded a few Gorkhali soldiers. He had already sustained injuries. He advanced towards Dal Mardan Shah, brother of Prithvi Narayan Shah, and challenged him. Dal Mardan Shah was just 13 years old. Dal Mardan Shah answered the challenge and with a swift strike on Shankha Mani's head, killed him on the spot. Kalu Pande's plans had proved successful.

Another group of Gorkhali soldiers led by Chautaria Mahadam Kirti Shah, another brother of Prithvi Narayan Shah, crossed Dharampani but met with strong resistance. The battle continued for a while and ultimately the Gorkhali forces prevailed. Many defenders died and the remaining fled.

The third group, led by King Prithvi Narayan Shah himself, began to advance swiftly towards Nuwakot Gadhi (fort) after receiving news of the capture of Mahamandal. The death of Shankha Mani had taken the wind out of the defenders' sail. They began to flee towards Belkot instead of fighting. Kazi Kalu Pande reached Nuwakot with a small contingent of forces. Mahodam Kirti Shah also arrived. King Prithvi Narayan Shah entered the Nuwakot Gadhi fortress. Nuwakot was annexed to the Gorkha State. The first foothold in the process of unification of Nepal had been secured.

**The Battle of Kirtipur**

Over the next few years, this success was followed by a deliberate and practical strategy to lay general siege on the Kathmandu Valley from all directions. Another important step in the initial unification campaign was the conquering of Kirtipur, the fortress in the southern part of Kathmandu valley. Gorkhali troops had failed twice to secure Kirtipur. King Prithvi Narayan Shah changed his plan and encircled and blockaded the whole fort. A six-month long siege by the Gorkhali forces created panic among its inhabitants. The Kirtipur Commander, on 12th March, 1766, opened the gates of the fort at midnight and surrendered to the Gorkhali forces. Kirtipur was annexed to Gorkha without any battle.

Similar blockade tactics also helped secure Makawanpur, south of Kathmandu Valley. Well known names like Mohaddam Kirti Shah, Surpratap Shah, Dalamardan Shah, Rana Rudra Shah, Nandu Shah, Kaji Bamsa Raj Pandey, Kaji Kehar Singh Basnyat, Kaji Nahar Singh Basnyat and Kaji Abhiman singh Basnyat were dispatched with about 1,100 fighting troops to encircle the Makawanpur fortress by the dawn of 20th August 1762.

King Digbardhan Sen and his minister Kanak Singh Baniya had already sent their families to safer grounds before the encirclement of their fortress. The Gorkhalis launched an attack on 21st August 1762. The battle lasted for eight hours. King Digbardhan and his minister Kanak Singh escaped to Hariharpur Gadhi. Makawanpur was thus annexed to Nepal.

After occupying the Makawanpur Gadhi fort, the Gorkhali forces started planning for an attack on Hariharpur Gadhi, a strategic fort on a mountain ridge of the Mahabharat range, also south of Kathmandu. It controlled the route to the Kathmandu valley. At the dusk of 4th October, 1762, the Gorkhalis launched the attack. The soldiers at Hariharpur Gadhi fought valiantly against the Gorkha forces, but were ultimately forced to vacate the Gadhi after mid-night. About 500 soldiers of Hariharpur died in the battle.

The unification process by Prithvi Narayan Shah continued after this death in 1775. The Kangra fort, now part of Himachal Pradesh of India, was kept under encirclement for three years during the unification battles by the Nepali Army under the command of Bada Kazi Amar Singh Thapa. In the years that followed the death of King Pritvi Narayan Shah, his younger son Regent Bahadur Shah and others had succeeded in extending Nepal to the Sutlej river (now in India) and beyond in the West and Sikkim and Bhutan to the East. The Kangra fort, situated on top of a hill about 64 Kilometers from the Vyas river, was considered impregnable and had a great strategic and military importance.

Sansar Chand, the king of Kangra, was unpopular even amongst his countrymen. Amar Singh Thapa camped his forces at Jwalamukhi, from where a contingent of Nepali forces laid seige to the Kangra fort. Sansar Chand sent a message to Amar singh Thapa saying he intended to give up control of the Kangra fort and Tara Gadh and hand them over to him. He asked for a period of ten days to do so. Amar Singh Thapa withdrew his forces from the gates of Ganesh valley. But Sansar Chand was just buying time and secretly approaching Ranjit Singh of Punjab for help. Ranjit Singh along with his 1,500 Sikh soldiers reached the Kangra fort, dodging the Nepalese. He launched a multipronged attack against the Nepali forces. The first battle was fought at Ganesh valley, the second at Gorkha Tila and the last at Malkan da. A fierce fight raged in the Ganesh valley, where both sides suffered heavy casualties. The Sikhs made a retreat but again attacked in the evening. The Nepali forces had to give up some positions in the battle. Ultimately, a peace treaty was signed between the opposite camps. The Nepali forces had to fall back to Sutlej river on 24th August, 1809. The battle of Kangra was the last of the unification battles, except for the annexation of Palpa which was accomplished after the death of Regent Prince Bahadur Shah.

Then I started to write first article on the promotion of nationalism monarchism entitled as follows :

1. Exemplary Felicitation and Awards to the Writers of the Book Greater Nepal edited by Senior National Journalist (Patrakar) Respectable Rajan Karki of Gorkha Express weekly
2. Nationalism in Nepal - At the verse of Collapse.
3. The King is dead, long lives the King
4. Nationalism in Nepal – Only in Isolation and small group
5. Nationalism and Monarchism – two sides of a Golden coin
6. Need of civil society government for the promotion of nationalism and restatement of the Monarchy.
7. Mr. Shankar Maghaiya – a Good Motivator for the promotion of Nationalism and Nationalist movements of Nepal, the follower of Manjur Worlds and late Chiniya Lall and Usha Singh Foundation led/ chaired by Dr. Yadab Pd. Dhungana
8. The Crown and the King – inseparable elements of Nepali Politics
9. Monarchism in Nepal and Indian independence day in Virginia among the people of 32 countries
10. Increasing popularity of Monarchism in Nepal and aboard

*( Professor Dr. Uttam K. Karmacharya (Ph.D) presently working as a Board of Director of Dr. Iwamura Hospital Memorial Hospital and Iwamura College of Health Science. Prof. Karmacharya of Tribhuvan University was a former Resource Person for China ( Unesco Nanjing), Denmark, World Education , Banepa Municipality and LRCs of Indonesia, Iran, Myanmar, the Philippines, Sri Lanka, Thailand , Unesco Bangkok).Former Secretary General , National Resources Center for NFE (NRC-NFE) and Director, Center for Education for All (CEFA) Nepal.)*

*इतिहासका राजनीतिक घटनाक्रम..*

राजा वीरेन्द्रले धेरै कुरा धेरै पछि थाहा पाए । धेरैपछि भए पनि त्यो संस्कार सिक्ने अनवरत प्रयत्न गरिरहे । वडा महारानीले पनि प्रयत्न गरिरहिन । उनीहरूले आफ्नो छोराछोरीलाई पनि त्यस संस्कारमा लैजान प्रयत्न गरिरहे । तर बाहिरको समाजको माहुल यति धेरै विग्रिसकेको थियो कि नयाँ संस्कारमा ढाल्न धेरै अवेला भइसकेको हुन्छ ।

वास्तवमा राजा वीरेन्द्रले राज्यको सुसंचालन र विकासलाई जति गति दिन सके त्यो उनको नेतृत्व खुवीको कारण थियो । त्यस अवधिमा संस्कार निकै धरासाइ भइसकेको थियो । उपनिवेसिक भारतमा अंग्रेजले छोडेर जाँदा, उनीहरूले बसालेको प्रशासनिक संस्कार कत्ति पनि नभत्काई भारतलाई सुम्पेका थिए । अझ त्यति मात्र होइन, राज्य कसरी सञ्चालन गर्नु पर्दछ भन्ने बारे गभर्नर माउन्ट वेटन थप एक वर्ष भारतमै बसेर आफ्नै नेतृत्वमा नेहरूहरूलाई व्यवहारिक तालिम पनि दिएका थिए । भारतले आजसम्म पनि अंग्रेजको संस्कारलाई निरन्तरता दिएर राज्य चलाई रहेको छ । त्यसबखत हिन्दु धर्म र मुसलिम सम्प्रदायबीच भएको उग्र द्वन्द्व कै कारण भारत तीन वटा देशमा विभाजन भयो । भारत, पाकिस्तान र बंगलादेश । पाकिस्तान र वंगलादेशले इस्लामिक गणतन्त्र कायम गराए भने ८५% हिन्दू धर्म भएको भारतले हिन्दू राष्ट्र बनाउन सकेन । संस्कृतलाई राष्ट्र भाषा (लिङ्ग्वा फ्राङ्का) पनि बनाउन सकेन । धर्म निरपेक्ष र कामकाजी भाषा अंग्रेजी नै कायम गराइरहेको छ । जब कि स्वयम् उपनिवेसवादी बेलायत धर्म सापेक्ष छ । त्यति मात्र होइन अरूलाई उपनिवेस वनाएर प्रभुत्व कायम गराउने अंग्रेजी संस्कारलाई भारतले आजसम्म निरन्तरता दिएको छ । भारतले वरिपरिका छिमेकी देशलाई आजसम्म पनि औपनिवेसिक संस्कारको प्रभावमा राख्ने काम गरिरहेको छ । भारतका ६ दशक अवधिका नेतृत्व क्षमता शक्ति संस्कार शक्ति भन्दा कमजोर रहेको पुष्टि हुन्छ । संस्कार यति बलियो हुँदोरहेछ, त्यसलाई हत्तपत्त भत्काउन हुँदैन । भत्काइयो भने भत्किन्छ मात्र तर बन्दैन । किनकि यो एकाएक बनाउन सकिने विषय होइन । यो बढी भावनात्मक र कम वस्तुगत विषय हो ।

विगत ६ दशक लामो नेपालको नेतृत्व खुवीलाई विश्लेषण गरेर हेर्दा केवल चार जनामा नेतृत्व क्षमता देखिन्छ । टंकप्रसाद आचार्य, विश्वेश्वरप्रसाद कोइराला, राजा महेन्द्र र राजा वीरेन्द्र । कोइरालाको नेतृत्व आधार भारत हो भने राजा महेन्द्रको नेतृत्व क्षमता मौलिक हो । मौलिक भएको कारण नै कोइरालाको क्षमतालाई विस्थापन गर्न सकेको हो । वीरेन्द्रको नेतृत्व क्षमता महेन्द्रको उत्तराधिकारीका रूपमा काम गर्न सकेको पाइन्छ । तर महेन्द्रले संस्कारलाई भन्दा बढी नेतृत्वलाई महत्व दिएका कारण दरबारको शासन संस्कारलाई कमजोर बनायो त्यसैको प्रतिफल नै राजसंस्था नै गुम्ने अवस्थामा पुगेको पाइन्छ । यस प्रसंगमा पृथ्वीनारायण शाहको नेतृत्व खुवीलाई सफल नेताका रूपमा लिन सकिन्छ । उनले काठमाडौं उपत्यका अधिनस्त गराएपछि उपत्यकाको शासन संस्कारलाई यथावत जीवन्त राखे । राजा बस्ने गद्दीमा आफू बस्ने बाहेक अरू कुनै कुरा फेरवदल गरेनन् । त्यसो नगरेको भए उनले विजलाई निरन्तरता दिन सक्ने पनि थिएनन् । तर उनको देहावसन चाडै भएकोले उपत्यकाको शासन शैलीलाई नेपालको शैली बनाउन भ्याएनन् । उनीपछि राजा महेन्द्रसम्मका शासकमा नेतृत्व क्षमता थिएन । राज्य संस्कारबाट मात्र चल्यो र त्यो संस्कार उपत्यकाको संस्कार मात्र भयो । फलतः राज्यले जे गऱ्यो उपत्यकालाई मात्र देश ठानेर गऱ्यो । सम्पूर्ण देशमा फिजिनु पर्ने पूर्वाधार र विकास आयोजना उपत्यका भित्र मात्र थुपारिए । यो गलत हो भन्ने कुराको नेतृत्वखुवी राजा महेन्द्रले मात्र बुझ्न सके । उनी देशका कुना काप्चा घुमे र देशभरि समान विकास गर्न चाहिने पूर्वाधार खडा गरे । त्यसलाई राजा वीरेन्द्रले निरन्तरता दिए । काठमाडौंलाई धनकुटा, हेटौडा, पोखरा, सुर्खेत र दिपायलमा पुऱ्याए । जन सहभागिता र विकेन्द्रीकरणलाई प्रथम प्राथमिकता दिए । देशलाई सन्तुलित विकासको मार्गमा पुऱ्याउन सफल भए । तर यसबीचमा भूमिगत भएका अथवा नभएका कुनै पनि दलले नेता जन्माउन सकेनन् । आजसम्म पनि देशले राजनेता पाउन नसकेरै शान्ति, सन्तुलित, दिगो र द्रुत विकास हुन सकेको छैन । सबै क्षेत्र अलमल्ल र अन्योलमा ररिहेका छन् ।

राजा महेन्द्रको नेतृत्व खुवीले देशलाई अग्रगति अवस्था दियो तर दरवारभित्रकै संस्कारमा सुधार होइन विनासतिर धमिरो लगायो । वि.सं. २०३६ देखि परेको संस्कार विनासको झिल्को २०४६ मा एउटा फिलिङ्गोका रूपमा परिणत भयो । त्यो फिलिङ्गोले २०६३/६४ मा डढेलो नै लगाइ दियो । वीरेन्द्रको वंश नाशपछि दरबार र दलमा कसैको पनि नेतृत्व खुवी नहुनु र विद्यमान संस्कारलाई पनि लथालिङ्ग हुने गरेर भत्काउनुले नै देश यतिखेर अनिर्णित, अराजक, अशान्त छ । अस्थिर, अन्यायी, अउद्यमी, अमर्यादित र अनुशासनहीन अवस्थामा पुगेको छ । शान्ति बिथोलिएको र हिंसात्मक छ ।

# राष्ट्रवाद मर्नु राष्ट्र मर्नु हो



डा.शास्त्रदत्त पन्त

*'जननि जन्मभूमिश्च*

*स्वर्गादपि गरियसि'* भन्ने वाक्य आर्दश पुरूष श्रीरामका उक्ति हुन् । यो वाक्य सबैले बोकेर हिडे पनि त्यस भित्रको रहस्य थोरैले मात्र बुझ्न सकेका छन् । राष्ट्र, राष्ट्रियतालाई हलुकासँग लिएका कारण राष्ट्रले समुन्नतिको टाकुरामा पुग्न नसकेको हो । उग्र राष्ट्रवाद, दक्षिणपन्थी राष्ट्रवाद, भड्काऊवादी राष्ट्रवाद, वामपन्थी राष्ट्रवाद जस्ता किला ठोकेर राष्ट्रवादको जुत्ताभित्र खुट्टा हिडाउँदै नसकिने बनाइएको छ ।

आज आफूलाई राष्ट्रवादी भन्नेहरूले पृथ्वीनारायण शाहको सालिक ढालेर उभिण्डोको प्रतिमा स्थापना गर्ने गरेका छन् । त्यो पृथ्वी नारायण नजन्मेको भए नेपाल बनेकै हुने थिएन, जे बनेको थियो त्यो उहिल्यै हिडिसकेको हुने थियो । उनको जन्म नभएको भए न नेपालको स्थापना हुन्थ्यो न त बढोत्तरी नै । उनी नजन्मेको भए उनको सिद्धान्त र विचार अनुसरण गर्ने नायक बहादुर शाह, काजी कालु पाण्डे, दामोदर पाण्डे, अभिमान सिंह बस्नेत, बुढा अमरसिंह थापा जस्ता राष्ट्रभक्त भारदार पनि हुने थिएनन् । उनीहरू नभइदिएको भए आजको नेपालको स्थापना हुने थिएन । भुरे राजालाई अग्रेज सरकारले एक गास बनाइसकेको हुन्थ्यो । अथवा नेपाल नै हुने थिएन । चार, आठ, बाह्र, अठार, चौविस हजार घर धुरीमा सीमित त्यस बखतमा राज्यहरू एक एक गरेर विदेशीका पन्जामा परेका हुन्थे । ती सबै सीत विलाएझैं बिलाइसकेका हुन्थे । नेपालको अस्तित्व मेटिएको हुन्थ्यो (ज्ञानमणि नेपाल नेपालको महाभार प्रस्तावना-ग-)

यसरी नेपाल बढाउने, बनाउने, बचाउने पुरूषलाई देशद्रोहीका रूपमा चित्रित गर्नेगर्दा देश अझै पनि अग्रेजको उत्तराधिकारीलाई सुम्पनु पर्दछ भन्ने उनीहरूको अबधारणा भएको पाइन्छ । अथवा एकिकरणपूर्वका जुनजुन रजौटा राज्य थिए तिनलाई पुर्नर्स्थापना गर्नँ पर्दछ भन्ने पाइन्छ । अथवा ती राज्य रजौटालाई आत्म निर्णयको अधिकार दिएर तिनको संघ राज्य हुनु पर्दछ भन्ने माग प्रवल देखिन्छ । आज देशलाई गुमाउने, विदेशीका हातमा सुम्पने, पराइको बाघ पञ्जामा पुऱ्याइदिने, पराइलाई बोलाएर बलात्कार गर्न लगाउनेलाई इतिहास पुरूष मानेर इतिहासको आदि पुरूष मान्ने जस्ता लहैलहैमा मानिस दौडनु अर्धचेतना हो । नकारात्मक उपज । उक्सायिएको उपज । भाडामा काम गर्नेको उपज । नकारात्मक सोचको गलत उपज । हाम्रो समाजका यस्ता प्रबुद्धले के राष्ट्रवाद बुझ्छन् ? हाम्रा दलका नेताले के दीगो दूरदृष्टि राख्न सक्छन? के राष्ट्रवाद अथवा आफ्नो देश र देशबासीलाई माया गर्छन ? माया गर्नेले मात्र समुन्नत बनाउँउने चेष्टा राख्दछन् । आज यी दुबै तत्वले त देशलाई तलतल पठाउँदैछन्, हैन र ? पढाउने शिक्षकले आँखा चिम्लेर त्यही गलत कुरा पढाइरहेका छन् । विद्यार्थीले त्यही गलत कुरालाई गुरूमन्त्र मानेर पढी रहेका छन् । यस्तो शिक्षाले भोलि पनि नेपालमा राष्ट्रप्रेम भावना नपलाउने देखिन्छ । राष्ट्रवाद मर्नु भनेको राष्ट्र मर्नु हो, सत्य सबैले मनन गरौं ।






# विज्ञानको फलो गर्न गाह्रो, चमत्कारको आशा सजिलो



सुरेशकुमार पाण्डे

हामी सुरू देखि विज्ञानलाई प्रयोग गर्दै आएका छौं तर त्यसलाई विज्ञान होइन ईश्वरको चमत्कार ठान्दछौं ।

एउटा ढुङ्गामा फलामको टुक्रा उलेनी (छट्के)लाई टुक्राएर झुलमा आगो बाल्ने हामी नै हौं, त्यो पनि विज्ञान हो । झुल बनायौं, उलेनी बनायौं र त्यसबाट आगो पनि हामी आफैले बाल्यौं । तर बिडम्वना त्यसलाई हामीले चमत्कार सम्झियौं । एउटा गरूङ्गो ढुङ्गालाई गुलट्याउन साप्लो प्रयोग गर्नुपनि त साइन्सनै हो । यहाँसम्म की घाँस दाउरा काट्न बनाएको हतियार पनि त विज्ञान नै हो ।हामी ढुङ्गे युग देखि प्राकृती जगत सँग जुझ्दै आएका छौं र समयनुसार शङ्घर्षका नयाँ नयाँ औजार बनाउँदै आएका पनि छौं । यी सबै ज्ञान विज्ञानका श्रोतहरू हुन् । मादलमा, ढोलमा खरी लगाउने पनि त साइन्स नै हो । एउटा चरालाई पानी तिर्खा लाग्यो भने आफ्नो चोंचले पानी पुग्न सकेन भने स-साना कंकट् पत्थर त्यसमा हालेर पानी माथि आउँछ भन्ने कुरा कसरी पत्ता लगायो ? एउटा पंक्षी समेते आफ्नो दिमाखले श्रोत पत्ता लगाएर आफ्नो आवश्याकताको समाधान गर्न सक्यो ।

गहुँथलीले माटोबाट सुन्दर घर निर्माण गर्छ भने हामी त यो चराचर जगतका हजारौं जीव जन्तुहरू भन्दा सुवेकसिल र चेतनसिल प्राणी हौं । किन हामिले आफै गरेको कलाको श्रेय अदिश्य काल्पनिक शक्तिलाई दिनेगर्छौं ? जबकी त्यसको कतै अस्तित्व देखिदैन मात्र कल्पनामा भूत यस्तो थिएहोलान्, देवता यस्ताथिए होलान् भनेर आफै तिखार्छौं अनि आफै उनैमा विश्वास गर्छौं । कल्पना गर्न र चमत्कार पर्खिन सजिलो हुन्छ तर कुनै पनि बस्तुको परिकल्पना गरेर त्यसलाई खोज्नु अनुसन्धान् गर्नु भनेको कठिन काम हुन्छ । वुजुर्वा विचारधारा अप्नाएका हरूलाई कति सजिलो हुन्छ राजनीति गर्न । जे सोधेपनि तथास्तू भने पुग्यो तर ठूलो कठीन र रहश्यत्मक हुन्छन् वैज्ञानिकहरूले खोजबिनगर्ने जटिल बाटाहरू । उनिहरूले किन छोपेका हुन्छ कठिन र जटिल कष्टकर मार्ग ?

वास्तबमा निश्चित रूपमा सत्य र तथ्यलाई मानव समाजको माझमा ल्याउन नै उनिहरूले अप्ठारो बाटो रोजेका हुन्छन् । उनीहरूले प्राकृतिक जगतमा कुँदेर सत्य कुरा खोतल्छन् भने आध्यात्मवादीहरूले यिनै काल्पनिक शास्त्रको प्रचारमा समय खेरा फाल्छन् । भंदैनभएको मिथ्य विचारको जोगेर्ना गर्न सक्यासम्म झुटा र दन्तेकथा हाल्छन् । अध्यात्मकवादीहरू सबै त्यस्ता छैनन् होला, कयौं इमानदारपनि छन् तर नीतिगत रूपमा हेर्दा उनिहरूले देखाएको बाटो भ्रामिक र तथ्यहिन हो । हामीले कयौं विज्ञानिकहरूको जीवनी अध्यान गर्दा उनिहरूले आजीवन निस्वार्थ सङ्घर्ष गरेको पाउँछौं ।

आज मानव समाजले जति सुःख सुबिधा प्राप्त गरेको छ त्यो सबै विज्ञानको परिणाम हो । उधारणका लागि फरव़री १९ सन् १४७३ मा जन्मे र १४में १५४३ यूरोपमा मृत्यु भएका पौलेण्डका निकोलस कोपरनिक्स खगोल शास्त्री उनले करिव १५०० वर्ष पुरानो टालमिको गलत धारणा विचार जरैबाट ओखलेर फालेका थिए । उनले आकाशीय खगोल परिक्रमा बारे नामक पुस्तकमा लेखेका थिए ।उन्लाई ठिक लेखेकोमै पनि धेरै मानसिक चिन्तित् बनाए र उनि चिन्तित् भए ।

अन्तमा उनले एकजना मित्र हिडेमानगाइसिरले हिम्मत गरेर सन् १५४३ मा यो पुस्तकलाई प्रकासित गराएका थिए । आज यो अवस्थामा पनि सही बोल्न गारो छ भने त्यो बेलामा वैज्ञानिक सत्य तथ्यलाई बोल्न समेत कति कठिन थियो होला ?

जव यो पुस्तक प्रकासित भएर उनको हातमा पुग्यो त्यो बेला उन्ले जीवनको अन्तिम घडी गन्दै थिए । लगत्तै २४ में १५४३ मा उनको मृत्यु भयो ।

उनको परिकल्पना अर्थात खोज भनेको सर्वप्रथम यो ब्राहमण्डलाई खोज पुरागर्नु थियो र गरे पनि । सन् १४९९ मा उनी रोम विश्वविद्यालयका खगोल शास्त्रका प्राध्यापक भए तर चार वर्ष पछि उनले त्यो नोकरी छाडेर पौलैण्डको गाउँमा ईसाई धर्मको प्रचारक बने ।

गैलिलियो गैलिली- १५फरव़री सन्१५६४मा ईटालीको प्रशिद्ध नगर पिसा ( हाल फ्रन्स) मा उनको जन्म भएको हो ।उन्ले कोपरनिकसकै सिद्यान्तमा टेकेर सन् १६१६मा शूर्यको स्थिरता र पृथ्वी घुम्ने बारे बताए पछि त्यसको दुई दिन पछि चर्चका अधिकारीहरूले गैलिलियोलाई चेतवानी दिंदै यो विचार गर्न बन्द गर्ने आदेश दियो । उनले गैलिलियोले पनि सन् १६३० सम्म यस सिद्धान्तको बारेमा कतै सार्वजनिक गरेनन् । थप अध्ययन जारीनै राखे ।

कथित धार्मिक ठेकेदारहरू विकास र तथ्य पत्ता लगाउन बाधक बनेको माथिको कथनले पनि प्रष्ट पारेको छ । जसमा केही गर्ने हुट्हुटी हुन्छ त्यो कुनै अड्चनको सामना गरेर पनि अगाडी बड्द । गैलिलियोले आफ्नो प्रसिद्ध पुस्तक Dialoges Conerrnig the two principal Ayega me of world धार्मिक न्यायलयमा उदघोष गरेका छन् ।

यस पुस्तकमा उनले आफ्नो विचारलाई खोलेर प्रतिवादन गरेका छन् ।यही विचारलाई आधार बनाएर उनीमाथि अभियोग लगाईयो र ७०वर्षका दार्शनिकलाई न्यायलयमा बोलाइयो र उनीमाथि दवाब दिइयो की यो आफ्नो कथन झुट हो भनेर माफी मागे माफ गरिने छ । अन्यथा कारावास हुने छ ।

तर गैलिलियोले उक्त कथित न्यायलय चर्चको आदेशलाई ठाडै अस्वीकार गरे ।आफ्नो भनाइमा उनि सतिसाल झैं अटल रहे । जसको लागि उन्लाई कारावासमा थुनियो ।उन्लाई सही बोलेकोमा र सत्य विचारमा आफ्नो अडान राखेकोमा कठोर डण्ड सजाय मिल्यो । एकजना सत्यमा आधारित विचारलाई दबाउन कथित् धार्मिकहरू कहाँसम्म गिर्दा रहिछन् भन्ने कुराको यो प्रतिनिधि मूलक एउटा प्रमाण हो ।यस्ता घटनाहरू त्यो भन्दा पहिले र पछिसम्म अँझै पनि कुनैन कुनै रूपमा हुँदै आएकाछन् ।

सन् १६३७ मा उनि जेलमै अंधा भए र पछि ८ जनव़री सन् १६४२ मा त्यही जेलभित्र नै उन्को मृत्यु भयो । उन्को मृत्युको केही महिना पछि न्यूटनको जन्म भएको थियो । पछि सधैं पोपको निगरानीमा रहनेव़ाला बेटिकन सीटी स्थित ईसाई धर्मको सर्वोच्च सस्थानले सन् १९९२ मा यो स्वीकार गरेको थियो की गैलिलियोको मामिलामा निर्णय गर्दा उनिहरूसँग गलती भएको थियो । यसप्रकारले एक महान खगोल विज्ञान, गणित्यज्ञा, भौतिक बिद्ध दार्शनिकको सम्वन्धमा १६३३ मा जारी गरिएको आदेश आफूले गरेको भूललाई स्वीकार गर्न चर्चलाई साढे तीन सय वर्ष भन्दा बढी समय लाग्यो ।

यस्ता कयौं घटनाहरूको त लेखाजोखा नै छैनन् । हाम्रो नेपाल जस्तो देशमा त अहिलेपनि विज्ञान सेतो हात्ती प्रमाणित भएको छ । यद्यपि आज हामी उभिएको धर्ती पनि विज्ञानको भौतिक नमुना हो । अहिले विश्वमा विज्ञानले गरेको चमत्कार भन्दा कम छैन् । एउटा बटन थिचेर संसार अबलोकन गर्न सकिन्छ ।

हिंजो हामीले सपनामा पनि नदेखेको न चिताएको आज उपभोग गरिरहेका छौं । तर पनि हाम्रो मष्तिकमा बसेको भूतप्रेतले विकासमा अगाडी बड्न दिएको छैन् । आजपनि हामीले भौतिक विचार अप्नाउन धेरै पटक सोंचेका हुन्छौं । एउटा वाइक किनेपछि त्यसको पुजा गरेर त्यसमा ध्वजा बनापछि दुर्घटना हुँदैन भनेर ढुक्क हुन्छौं । दुर्घटना किन भयो ? किन हुन्छ त्यसबारे अध्यायन गर्ने सामर्थ्यनै छैन । किनकी कपासका बनौरा र एउटा टालो बाँधे सबै शक्ति समायोजित हुन्छन् भन्ने मनस्तीले गर्दा दुर्घटना हुँदै आएको छ ।

हाम्रो देशमा ६५ प्रतिशत पहाड छ, जोखिमयुक्त यात्रा छ तर सवारी साधनको मरमत् गर्नुको साटो पुजा गरे ढुक्क हुन खोज्दा भएको दुर्घटनालाई भाग्य ठान्छौं ।

संसारका मानिसले वैज्ञानिक बन्न एउटा स्याउ रूखबाट खस्यो भने त्यसमा सोध गर्छन् ।अनि त्यो रूखबाट चुँडिएको स्याउ माथि नगएर तल किन खस्यो भन्ने कुराबाट न्यूटनले सोध गरेर गुरूत्वकार्षण पत्ता लगाए । त्यो पत्ता लगाउन उन्ले ठूलो अध्यायन र सोध गर्नुपर्यो । यदि हामी भएको भए के गर्थ्यौंहोला ? पक्कै पनि त्यो खस्नुमा भगवानको लिला भनेर मख्ख पर्थ्यौं । अनि गुरूत्वमकर्षण कसरी पत्ता लग्थ्यो ? तर थुप्रै ब्यक्ति अधायनसिल हुन्छन् ।त्यसकारण उनिहरूमा केही गर्ने हुटहुटी पैदा हुन्छ । विश्वका थुप्रै मानिसहरूमा यस्तो हुट्हुटी छ त्यसैले आज टेक्नोलोजी र सञ्चारले आकास छोएको छ । एउटा देशको वैज्ञानिक त्यो देशको मात्र हुँदैन बरू त्यो एउटा विश्वको सतम्ब हुन्छ ।जसबाट मानिसहरू वा स्वायम वैज्ञानिकहरू उसको पथमा हिंड्छन् । विज्ञानको विकास गर्छन् । विज्ञानका बिभिन्न साखाहरू छन् मानव विज्ञान समाज शास्त्रि र भूगोलविद लगायतका खोजकर्ताहरूले आफ्नो लागि होइन विश्वका तमाम मानवहरूका लागि आजीवन सङ्घर्ष गर्दै आएका हुन्छन् ।

कथित धर्मात्माहरूले सिधै महिंलालाई सति जान लगाए त्यो अपराध थियो । त्यसको बिरोध गर्नेहरू माथि उनिहरूले दुश्मन सरहको व्यवहार गर्दै आए ।यद्यपि त्यो एक प्रकारले अपराध थियो ।समाजमा जानि नजानि यस्ता कयौं अपराधहरू हुने गर्छन् त्यो धर्म र परमपराकै नाउमा हुन्छ ।

बिभिन्न देशका आआफ्नै परम्परा, धर्म रितिरिवाज हुन्छने, भौतिक विचार भनेको साझा मञ्चजस्तै हो । त्यसलाई मैत्रिपूर्ण रूपमा छलफल गर्नुपर्दछ भन्नेमा बिश्वास राखौं ।




पो.ब.नं. काठमाडौं ।

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८२-८३
का.जि.का.द.नं. २५-०३९/४० भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४

मंगलबार Tuesday
२०८२ पुस ८, Dec. 23, 2025





अन्तिम पातो - शाश्वत शर्मा

# एमालेले परिवर्तन खोजेन

एमालेको ११औं महाधिवेशन सकियो, एमाले नेतृत्व परिवर्तन भएन, एमालेले परिवर्तन चाहेन । पुस्तान्तरण, परिवर्तन एमालेका लागि ग्राह्य भएन । अध्यक्ष केपब ओलीका सामु पूर्वराष्ट्रपति विद्या भण्डारी र उनको समर्थन पाएका ईश्वर पोखरेलको टिम (२जना बाहेक) अरू कोही विजयी भएनन् । यो नतिजाले एमाले पार्टीभित्र केपी ओली कित्ताको कति हालीमुहाली रहेछ भन्ने स्पष्ट हुन्छ । एमालेका नेतृत्व मतदाताहरू आफ्ना स्वार्थका लागि जतिसुकै जनताको घृणा भएको नेता भए पनि आत्मसात गर्न सक्छन् भन्ने यो पछिल्लो उदाहरण हो । एमालेभित्र नेतृत्व क्षमता भएका र एमालेलाई जिवन्त राख्नसक्ने खुवी र इच्छाशक्ति भएका थोरैमात्र रहेछन् भन्ने पनि देखिएको छ । यो अधिवेशनमा आश्चर्यको दृश्य पनि देखियो, ओलीको उमेदवार बन्न नपाएपटि नेताहरू कसरी क्वाँ क्वाँ रूँदा रहेछन् भन्ने पनि देखियो । एमाले पार्टीभित्र नयाँ र युवा नेताहरूको कुनै गन्जाइस देखिएन । एमाले पार्टी पंक्तिबाट ओली र महेश बस्नेतहरूको जयजयकार गुञ्जियो, एमालेको भविष्यमाथि आफैले बन्चरो हाने ।

ओली र उनको गुटको कब्जामा एमाले यथावत रह्यो । अनाचारी, दुराचारी, भ्रष्टाचारी, अपराधीहरू गुलजार भएका छन् । वर्तमान नेपालको दुर्गतिको मूल कारणमध्ये ओली पनि हुन् । मुलुक खोक्रिनुको कारण ओली हुन् तर पार्टी सुधार्नु पर्छ भन्ने एमाले नेतृत्वपंक्तिलाई लागेको देखिएन । ओलीका स्वकीय सचिव राजेश बज्राचार्यले घरै घूस खाएको, कम्बोडियामा लगानी गरेको गाँठो फुकेको छैन । भदौ २३ र २४ को ७८ जनाको राज्यले नरसंहार मच्चाएको विषयमा तत्कालीन प्रधानमन्त्री ओलीले जिम्मेवारी लिन मानेनन् । छानबिन आयोगले बयान लिने भनेको छ, छोएमात्रै पनि देशै ठप्प पार्ने फर्मान जारी गरेका छन् ओलीले । यी ओलीहरूलाई सामान्य नैतिकता र जनताप्रतिको जवाफदेहीताको ख्याल पनि छैन । जबसम्म भ्रष्टाचारी नेताहरूले भ्रष्टाचारको रकम कार्यकर्तालाई बाँडिरहन्छन्, यसैगरी नक्कली जयजयकार चलिरहनेछ । भ्रष्टाचारीलाई शीघ्रातिशीघ्र दण्डविधान लागू हुननसक्नाले नेपालको शासन प्रशासनमा भ्रष्टाचारीको जयजयकार भइरहनेटछ ।

कांग्रेस, नेकपा (माओवादी र नेकपा एससहित) तिर पनि यस्तै बिडम्बना छ । नेतृत्व त्याग्न कुनै नेता तैयार छैनन् । सबैलाई नेतृत्व चाहिएको छ । देउवा कांग्रेस सभापति बन्लान् नबन्लान् तर आठौं पटक चुनाव लड्छु भन्ने सिफारिस गराउनु पनि बिडम्बना नै हो । प्रचण्ड, माधव नेपाल, देउवाहरू पार्टीमा हावी छन्, पुस्तान्तरण, नेतृत्व हस्तान्तरण गर्न यिनलाई पाच्य बिषय बनेकै छैन । युवालाई अवसर देउ भन्नेहरू, बिद्रोही आवाज निकाल्नेहरू हरेक पार्टीमा देखिन्छन्, तर आफ्नो आवाजको इज्जत गर्न जान्दैनन्, तिनलाई नेताको धापमात्र चाहिएको देखिन्छ । जेनजी आन्दोलनमा अरवौं, करोडौं नोट खरानी भए, छानबिनबाट नोट नै जलेको रिपोर्ट पनि आयो तैपनि देउवा, प्रचण्ड, ओली वा अन्य नेता नैतिकता देखाउँदैनन् । २०६३ वैशाख ११ गतेको सम्झौता मान्नुपर्ला भनेर नेताहरू राजाको बिरोध गर्छन्, तिनका अनुयायीहरू राजाको उछित्तो काढ्छन् । जुन गल्ती गर्दा भदौ २३ जन्म्यो, त्यसबाट सवक सिक्न कोही पनि तैयार छैनन् । पूर्वराजा झापातिरबाट धार्मिक यात्रातिर लागेका छन् तर यी नेताहरू भारतको भाजपा र राष्ट्रिय स्वयम् सेवक संघ, मोहन भागवतसँग जोडेर राजाकै आलोचनामा जुटेका देखिन्छन् । नेताले जे भन्न सिकायो, त्यही भन्ने राजनीतिक कार्यकर्ताहरू छन् । विवेकहीनताको कहालीलाग्दो दृश्य हो यो । देश र जनताको चिन्ता र चासो, सुशासनको आवश्यकता यिनमा देखिदैन । कुनै पनि पार्टीका आजका कार्यकर्ता बँधुवा होइनन् भन्न सक्ने आधार र स्वतन्त्र छन् भन्ने उदाहरण देखाउन सकेको स्थिति छैन जसका कारणले लोकतान्त्रिक गणतन्त्र नेपाल भ्रष्टाचारी, मानव वेचबिखन गर्ने, विदेशपरस्त हुनपुगेका हुन् । लोकतन्त्रमा खबरदार गर्ने कुनै न कुनै शक्ति चाहिन्छ, २०६३ सालपछि सत्तामा आलोपालो जाने यिनै हुन्, सत्ताको दुरूपयोग गर्ने यिनै हुन्, नैतिकपतन भएर विधिको शासन कुल्चने र न्यायालयमा समेत अपराधिकरण गर्ने पनि यिनै हुन् । यसकारण त जेनजी आन्दोलन, बिस्फोट र बिद्रोह जन्मिन पुग्यो । यति भयानक घटनापछि पनि राजनीतिक चेतना नखुल्नु भनेको नेपाल र नेपालीको लागि दुर्भाग्य हो ।

कहाँ छन् राप्रपा, कहाँ छन् राजावादी र हिन्दुवादीहरू ? जेनजी आन्दोलनपछि संविधान मरेको छ, लोकतन्त्र र गणतन्त्र पनि मरेको छ । यो संक्रमणकाललाई कसरी टुङ्याउने र समाधान निकाल्ने भन्ने सोच कथित भइसकेका राष्ट्रपतिमा छैन, ठूला राजनीतिक दलहरूले पनि सोचेको देखिदैन । प्रत्येक राजनीतिक शक्ति, विचारक व्यक्तिहरू एकै ठाउँमा बसेर नेपालको हक, हित र राजनीतिक मुद्दाहरूको छिनोफानो कसरी गर्ने भनेर निकास खोल्नुपर्ने समय आएको छ । तर कोही पनि अग्रसर भएका छैनन् । अहिले पनि दिमागमा प्रतिषोध, निषेध बोकेर कहीँ पुगिन्न भन्ने आत्मवोध भएको छैन । हुन त आत्मग्लानी नहुने संवेदनहीनहरूले नरसंहारप्रति क्षमायाचनासमेत गरेका छैनन् । जो जनताप्रति कृतघ्न छन्, तिनीहरूबाट जिम्मेवारीको आशा गर्नु बेकार छ । यद्यपि शासन दलले नै गर्ने हो र दलहरूभित्र विवेक हुनैपर्छ । जिम्मेवारीवोध र जवाफदेही लिने हैसियत विकास हुनैपर्छ । जुन कुरा एमाले महाधिवेशनबाट देखिएन, कांग्रेस र नेकपा तथा अन्य पार्टीहरूमा पनि देखिएन भने प्रजातान्त्रिक आवरणमा जंगलराजको जोखिम बढ्दैजानेछ ।

## सम्बन्धित निकायलाई खुलापत्र

खुला पत्रमार्फत योगम्भीर विषय सम्बन्धित निकायको ध्यानाकर्षण गराउन चाहन्छु ।

माथिल्लो तहको हौं भन्ने केही कथित ठूलाबडाहरूद्वारा अन्तर-वडा सञ्चालनमा तीव्र हस्तक्षेप भइरहेको पाइएकाले पार्टीको मर्यादा र संगठनात्मक संस्कारमाथि गम्भीर आघात पुगेको छ । यस प्रकारको अमर्यादित र नाङ्गो हस्तक्षेप पार्टीका लाीग अपूरणीय क्षति हुने स्पष्ट छ ,।

अत: यस्ता व्यक्तिहरूको पहिचान गरी सम्बन्धित निकायबाट निष्पक्ष छानबिन गरी, छानबिन सम्पन्न भएपछि मात्र क्रियाशील सदस्यता सदर गरियोस् भन्ने कुरामा गम्भीर ध्यान दिनुहुन हार्दिक अनुरोध गर्दछु ।



नेपाली कांग्रेस क्षेत्र

नेपाली कांग्रेस जिल्ला

नेपाली कांग्रेस केन्द्रीय छानबिन समिति

- दिपेन्द्र सिंखडा

# सुशीला कार्कीले सडकबाट युवा उचालिन्, सत्तामा पुगेपछि सिन्को भाँचिनन्

गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनमा ७८ जनाको ज्यान गयो । हजारौं घाइते तथा अंगभंग भए । आन्दोलनका कममा सरकारी, सार्वजनिक, निजी सम्पत्ति तथा व्यापारिक प्रतिष्ठानहरूमा आगलागी गरियो । र, ती सबै खरानी बने । २४ खर्बको सम्पदा, सम्पत्ति ध्वस्त भयो ।

जेनजीसामु सुरक्षा निकायले आत्मसमर्पण गरेपछि तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिएर बालुवाटारबाट हेलिकप्टर चढेर भाग्नुपर्यो । ओलीले राजीनामा दिएपश्चात् भदौ २४ गतेदेखि २७ गतेसम्म नेपाल सरकारविहीन रह्यो । अर्कोतर्फ, मौका छोपेर देशभरका कारागारका कैदीबन्दी भागे ।

प्रहरीले गोली हानेर जेनजीलाई मारे भने जेनजीले प्रहरीलाई कुटीकुटी मारेका थिए । लखेटेका थिए । अनि प्रहरीहरू बाध्य भएर जंगल पसे ।

उनीहरूले आफ्नै सुरक्षा गर्न सकेका थिएनन् । सशस्त्र र प्रहरीले नसकेपछि नेपाली सेना खट्यो । २४ गते बिहानैदेखि झोसिएको आगोले सिंहदरबारसहित मुलुकका सम्पदा, सम्पत्ति सबै खरानी बनेपछि मध्यरातिबाट बाटोमा सेना खट्यो । तैपनि मुलुकमा स्थिति अझै डरलाग्दो थियो । त्यसपछि झनै आपराधिक घटना बढ्न थालेका थिए ।

सर्वसाधारण त्रसित थिए । आफ्नै घरमा समेत उनीहरू असुरक्षित महसुस गरिरहेका थिए । एकातिर देशमा सरकार छैन, अर्कोतिर जघन्य अपराधमा संलग्न सबै कैदीबन्दी बाहिर छन् । अब मुलुकमा के हुन्छ ? अब आर्मी शासन लाग्छ कि राजा आउँछन् ? यी प्रश्न त्यतिबेला उठेको थियो ।

राजनीतिक दलका नेता, राष्ट्रपति, सरकारी उच्चपदस्थ अधिकारीहरू सेनाको संरक्षण थिए । अनि कतिपयले आर्मीले शासन हातमा लिन राष्ट्रपति रामचन्द्र पौडेललाई मारिसक्योसमेत भन्न भ्याए । 'राष्ट्रपतिलाई सार्वजनिक गर' भनेर चर्को आवाज उठेपछि राष्ट्रपति पौडेललाई सार्वजनिक भए ।

यही बेला संविधान खारेजी र संसद् विघटनको व्यापक माग भयो । यद्यपि, राष्ट्रपति पौडेल 'बरू ज्यान दिन्छु, संविधान खारेज गर्दिन' भन्ने अडानमा रहेको हल्लाचल्यो । अहिले उनी मेरो अडानका कारण संविधान जोगियो भन्न थालेका छन् । भदौ २७ गते पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई राष्ट्रपति पौडेलले प्रधानमन्त्रीमा नियुक्त गरे । कार्कीले नियुक्त हुनेबित्तिकै संसद् विघटन गरिन् । र, उनको सिफारिसमा राष्ट्रपति पौडेलले फागुन २१ गते चुनावको मिति घोषणा गरे ।

कार्कीको नेतृत्वमा मन्त्रिमण्डल गठन भएपछि सुरक्षाकर्मीहरू पनि खटाउन थालियो । सरकार गठनपश्चात् आन्दोलनको नाममा सरकारी र निजी सम्पत्तिमाथि तोडफोड, आगजनी र लुटपाट गर्नेमाथि कारबाहीको आवाज उठ्यो । सोहीअनुसार प्रहरीले पाँच सय ९१ जनालाई नियन्त्रणमा लिएको थियो । तर, केही दिनअघिको क्याबिनेट बैठकले ती सबैलाई रिहा गर्ने निर्णय गरेपछि प्रहरीले धमाधम हाजिरी जमानीमा छोडिरहेको छ ।

फागुन २१ गते निर्वाचन सम्पन्न भएपश्चात् यो सरकार जान्छ । राजनीतिक दलहरू चुनावमा भाग लिन तयार भइसकेका छन् । दलहरू अदालत पुगेर संसद पुनर्स्थापनाको माग पनि गरिरहेका छन् । चुनाव हुन्छ कि हुन्न, संशय बाँकी छ ।

स्मरणी छ, भदौ २३ गते आन्दोलनका कममा सुरक्षाकर्मीको गोलीबाट युवाको ज्यान गएपछि पूर्वप्रधानन्यायाधीश सुशीला कार्की पनि सडकमा ओर्लिएकी थिइन् । उनले कांग्रेस र एमालेलाई सरकारमा बस्ने अधिकार नभएको भन्दै राजनीतिक दल, नेताहरूलाई थुन्नुपर्ने बताएकी थिइन् । सत्ता हातमा पुगेपछि सुशीला सरकारले नरसंहारकारीमाथि कारवाही गर्न सकेन । आश्चर्य त के पनि देखियो भने तत्कालीन सरकार प्रमुख केपी ओलीले जेनजीहरूको मजाक उडाउन र सुशीला सरकार अवैधानिक भन्न भ्याइसकेका छन् । आफूलाई छोएमात्र पनि देशै ठप्प पार्ने र सरकारलाई ढाल्ने चेतावनी समेत दिन भ्याएका छन् ।

त्यसैले, चुनाव भए वा संसद पुनर्स्थापना जे भए पनि कार्कीसहित अहिलेका मन्त्रिमण्डलमा रहेकाहरूमाथि ठूलो संकट आउने देखिन्छ । जेनजी गुट गुटमा बाँडिएका र भाँडिएका छन् ।

जेनजीको न शहरमा संगठन छ न गाउँमा । यसकारण आउँदो चुनावले दलहरूलाई नै पुन:स्थापित गराउने छ । अनि दलहरू सरकारमा आउनेबित्तिकै वर्तमान प्रधानमन्त्री कार्कीसहित सबैको कुन्डली खोताल्ने पक्का छ ।

सुशीला कार्कीको काम पनि जनताले देखिसके । सत्ताबाहिर हुँदा र सत्तामा हुँदाको उनको रूपमा आकाश पातलको भिन्नता पाइयो । भ्रष्टाचार, हत्या, हिंसा, राष्ट्रघातमा कारवाही गर्ने उनमा लूर देखिएन । सत्ताको कुर्सीमा बसेको तीन महिना बित्दा उनले सिन्को भाँचिनन् । भ्रष्टाचारका ठूला फाइल खोलिन् न दलहरूले आफ्ना आसेपासेको नाममा लगेको सरकारी जग्गा फिर्ता ल्याइन् । बरू आफैं सरकारी जग्गा कब्जा गरेर बसेकी प्रमाण बाहिरिएका छन् । छिमेक भारतले कब्जा गरेको नेपाली भूभाग फिर्ता ल्याउन पनि पहल गरिनन् ।

जेनजीका एजेण्डामा पनि वास्ता गरिनन् । परिवर्तनपछि उनी भाग्नुपर्ने अवस्था नआउँला पनि भन्न सकिँदैन ।

उनको क्याबिनेटमा सबै विवादैविवादमा मुछिएका, असक्षम मन्त्रीहरू छन् । उनको आलोचना शुरू भइसक्यो । क्षमता देखिएन । उनी पनि नातावादमै अलमलिएकी छिन् । सत्ता टिकाउन कहिले सुधन गुरूङलाई आफ्नो जेठो छोरा भन्छिन् त कहिले काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र साह (बालेन) लाई भाइ बताउँछिन् । कामभन्दा पनि नौंटकी गर्नतिर व्यस्त छिन् । जनताका छोराछोरीले ज्यान गुमाए । खर्बौंको सम्पत्ति खरानी बन्यो । नेपाल धेरै वर्षपछाडि धकेलियो । अनि सत्तामा पुगिन् चाँहि बुढ्यौली लागेर हिँड्नसमेत नसक्ने कार्की । जनतामा झनै निराश बढ्दै गएको छ ।

दल होस् या अरू जोसुकै सत्तामा आएपनि केही हुने रहेनछ भनेर जनताको मनमा छाप बस्न पुगेको छ, भाषण ठोक्ने र भ्रम छर्नेमात्र सत्तामा पुगे ।

ज्यान गुमाउने जहिल्यै जनता । अनि सत्तामा पुग्ने चाँहि टाँठाबाँठा, कहिलेसम्म जनताले यस्ता नेताहरूका कारण सुशासनका लागि ज्यान गुमाउनुपर्ने ? देश र जनतामाराहरू जहिल्यै सत्तामा राइँदाइँ गर्ने ? अब चाँहि जनताको आँखा खोलियोस् ।

***- रूषा थापा, भक्तपुर***

## राष्ट्रिय झण्डाको सम्मान गरौं

**राष्ट्रिय झण्डाको अपमान हुने देहायका कार्य गर्न पाइँदैन :**

- राष्ट्रिय झण्डा उल्टो (चन्द्रमा तल पर्ने गरी) राख्न ।
- राष्ट्रिय झण्डा च्यात्न, जलाउन, फ्याँक्न वा कुनै सामान पोको पार्न ।
- व्यापारिक प्रयोजनका लागि दुरूपयोग गर्न ।
- शरीरको कम्मरभन्दा तलको भागमा लगाउन ।
- शरीरको छातीभन्दा तलको भागमा लगाइने भित्री/बाहिरी कपडामा राष्ट्रिय झण्डाको प्रतीक चिन्ह राख्न ।
- फहराउने प्रकृतिको कार्यमा बाहेक अन्यत्र राष्ट्रिय झण्डाको प्रयोग नगरौं ।

**राष्ट्रिय झण्डाको सम्मान गरी स्वतन्त्रता, पहिचान र स्वाभिमानको रक्षा गरौं ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

